

# हाम्रो जीवन, हाम्रा कथाहरू:
# नेपालका लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिक

sage | Advocacy & Services for LGBTQ+ Elders
We refuse to be invisible®

OUTRIGHT INTERNATIONAL

Mitini NEPAL

# हाम्रो जीवन, हाम्रा कथाहरू:
# नेपालका लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिक


लेखन

लक्ष्मण शर्मा

बिमला गुरुङ्ग

सम्पादक

ग्रेस पुरे


sage Advocacy & Services for LGBTQ+Elders

We refuse to be invisible®

OUTRIGHT INTERNATIONAL

Mitini NEPAL

# कृतज्ञता ज्ञापन

**"हाम्रो जीवन, हाम्रा कथाहरु: नेपालका लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिक"** कथा पुस्तकका लागि मितिनी नेपालको तर्फबाट लक्ष्मण शर्मा र बिमला गुरुङले काम गर्नु भएको छ । कथापुस्तकको सम्पादन आउटराईट ईन्टरनेशनलका ग्रेस पोराले गरेका थिए । हामी सेज युएसएद्धारा प्रदान गरिएको अनुदानका लागि आभारी छौं ।

यसै गरी लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरूप्रति अत्यन्त आभारी छौं, जसले उदारतापुर्वक आफ्ना जीवनकथाहरु साझेदार गरेका थिए । समुदायका ज्येष्ठ नागरिक कथाकारहरूसँग अन्तर्रवार्ता लिई सहयोग पुऱ्याउनु हुने बिर्खराज चौधरी, सुनिता पौडेल, जेपी लिम्बु र सीता कुमारी रानाप्रति हामी कृतज्ञ छौं । यस कथापुस्तकमा समावेश गरिएका जीवनकथाहरूलाई नेपालीबाट अंग्रेजीमा अनुवाद गर्नु भएकोमा दिया योन्जन र डिजाइन र लेआउटका लागि हिमाल श्रेष्ठप्रति पनि हामी आभारी छौं । यस कथापुस्तकमा भएका कथाकारहरूको तस्बिर मितिनी नेपालमा कपि राइट भै सुरक्षित छन् ।

धन्यवाद !

# परिचय

**"हाम्रो जीवन, हाम्रा कथाहरु: नेपालका लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिक"** नामक कथापुस्तक नेपालका एल.जि.बि.टि.आई ज्येष्ठ नागरिकहरूको जीवन्त कथाहरूको संग्रह हो । यी कथाहरूले समुदायका ज्येष्ठ नागरिकहरूका विभिन्न मुद्दाहरु जस्तै आवास सम्बन्धी अस्थिरता, अनिश्चित आय, जबरजस्ती विवाह र पारिवारिक हिंसा, ज्येष्ठ नागरिक सुविधा प्राप्त गर्न राज्यसँग गर्नु परेको संघर्ष, नागरिकता प्रमाणपत्र प्राप्त गर्न विद्यमान अनुचित व्यवस्थाहरु लगायत वैवाहिक समानता नहुँदाका वास्तविक भोगाई एवम् कठिनाईहरु र त्यसले पार्न सक्ने दीर्घकालिन प्रभावहरूलाई समेटेको छ । साथै यी कथाहरूले समुदायका ज्येष्ठ नागरिकहरु बीचको सम्बन्धको सफलताको कथा, समाजमा तिनीहरूको योगदान, र उनीहरूले नेपालमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरूको भावी पुस्ताका लागि के चाहन्छन् भन्ने विषयलाई पनि उजागर गरेको छ ।

एलजिबिटिआई व्यक्तिहरूसँग सम्बन्धित विभिन्न शब्दावलीहरु जस्तै यौनिक तथा लैङ्गिक अल्पसंख्यक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय आदि शब्दहरु कथा पुस्तकमा प्रयोग गरिएको छ । यसै गरी तेश्रोलिङ्गी, ट्रान्सजेन्डर, ट्रान्सम्यान, ट्रान्सजेन्डर पुरुष, र ट्रान्सजेन्डर महिला जस्ता शब्दावलीहरु प्रयोग भएको छ । नेपाली, मैथिली र थारु भाषामा कथा संकलन तथा कागजीकरण गरिएको कथापुस्तकको अंग्रेजी संस्करणका लागि आउटराईट ईन्टरनेशनल र मितिनी नेपालले यसको प्रयोगलाई मानकीकरण गरेका छैनन् ।

एल्डर, सिनियर र ओल्डर पर्सन जस्ता शब्दहरूले समुदायका ५० र सो भन्दा माथिको ज्येष्ठ नागरिकहरूलाई जनाउँछ । यसमा कम उमेरले एलजिबिटिआई समुदायका ज्येष्ठ नागरिकहरूको वास्तविकतालाई प्रतिबिम्बित गर्दछ, जहाँ उनीहरूको पचास (र चालिस) दशकमा सामान्य जनसंख्यामा पनि धेरै वृद्ध व्यक्तिहरूलाई जनाउँछ, जसमा स्वास्थ्य समताको अभाव र सीमित वा स्वास्थ्य सेवाहरूका पहुँच नभएका कारण उनीहरु चाँडै वृद्ध देखिन्छन् ।

यस कथापुस्तक **"हाम्रो जीवन, हाम्रा कथाहरु: नेपालका लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिक"** मा समावेश गरिएका १० कथाकारहरु मितिनी नेपालले सन् २०२२ मा एल. जि. बि. टि. आई. ज्येष्ठ नागरिक सल्लाहकार समितिको सहयोगमा १०० जना ज्येष्ठ नागरिकहरूमा गरिएको सर्वेक्षणमा सहभागी भएका ज्येष्ठ नागरिकमध्येबाट छानेको हो । यो सर्वेक्षणले प्रदेश १, प्रदेश २, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेशमा बसोबास गर्ने ५० देखि ७५ वर्ष उमेरसमुहका लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरु सम्बन्धी विभिन्न तथ्याङ्कहरु समावेश गरेको छ । कथापुस्तकमा समेटिएका कथाहरूको प्रमुख विषय सर्वेक्षणमा पहिचान गरिएका मुद्दाहरु हुन् । सर्वेक्षणको निष्कर्ष आउटराईट ईन्टरनेशनल र सेज युएसएको सहयोगमा मितिनी नेपालले प्रकाशित गरेको ***"नेपालमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरूमा उमेर भेदभावको प्रभाव"*** नामक तथ्यपत्रमा अंग्रेजी र नेपाली दुवै भाषामा उपलब्ध छ ।

### अंग्रेजी तथ्यपत्र

https://outrightactionint.prod.acquia-sites.com/sites/default/files/2023-06/English_LGBTI%20people%20in%20Nepal_Mitini.pdf

https://mitininepal.org.np/wp-content/uploads/2023/07/English_LGBTI-people-in-Nepal_Mitini-Nepal.pdf

### नेपाली तथ्यपत्र

https://outrightactionint.prod.acquia-sites.com/sites/default/files/2023-06/Nepali_LGBTI%20people%20in%20Nepal_Mitini.pdf

https://mitininepal.org.np/wp-content/uploads/2023/07/Nepali_LGBTI-people-in-Nepal_Mitini-Nepal.pdf

**"हाम्रो जीवन, हाम्रा कथाहरु: नेपालका लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिक"** मा

समावेश कथाहरू मितिनी नेपालले व्यक्तिगत रुपमा भेट गरेर, जुम अनलाईन र टेलिफोनमा गरिएको अन्तर्रवार्ता मार्फत् संकलन गरेको हो । मितिनी नेपालका फिल्ड अफिसर र प्रदेशमा रहेका फोकल पर्सनहरूले कथाकारहरूका लागि भाषा अनुवाद लगायत ज्येष्ठ नागरिकहरूसँग अन्तर्रवार्ता लिने व्यवस्थामा सहयोग गरेका थिए । साथै, सम्पुर्ण कथाहरु कथाकारहरुको हस्ताक्षरित सहमतिमा रेकर्ड र लिपिबद्ध गरिएको थियो । मितिनी नेपाल र आउटराईट ईन्टरनेशनलले **"हाम्रो जीवन, हाम्रा कथाहरू: नेपालका लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिक"** का लागि कथाहरु छनोट गरेका हुन् । यो कथापुस्तकलाई आउटराईट ईन्टरनेशनलले सम्पादन गरेको थियो । कथा संकलन प्रक्रियामा वेलनेश प्रोटोकल समावेशका साथै आउटराईट ईन्टरनेशनलले ज्येष्ठ नागरिकहरूसँग कथा वाचनका लागि राम्रो अभ्यास सहितको निर्देशिका प्रदान गरेको थियो । मितिनी नेपालले उक्त निर्देशिकालाई नेपालीमा अनुवाद गर्नुका साथै अन्तर्रवार्ता लिने कर्मचारी र फोकल पर्सनका लागि सिकाई सेसनको व्यवस्था गरेको थियो । यसै गरी संकटको अवस्थामा हटलाईन, मनोसामाजिक सहयोग प्रदान गर्ने गैरसरकारी संस्था, एल जि वि टि आई सकारात्मक परामर्श र मनोवैज्ञानिक प्राथमिक उपचारमा प्रशिक्षित मानसिक स्वास्थ्यकर्मीहरुको सुविधा सम्बन्धि जानकारी र स्रोत सामग्री प्रदान गरिएको थियो ।

**"हाम्रो जीवन, हाम्रा कथाहरू: नेपालका लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिक"** एलजिविटिआई ज्येष्ठ नागरिक परियोजनाको एउटा भाग हो, जुन परियोजनालाई सेज युएसएले सहयोग गरेको हो । यो कथापुस्तक अंग्रेजी र नेपाली दुवै भाषामा प्रकाशित छ, र यसको हार्डकपी र पिडिएफ आउटराईट www.outrightinternational.org र मितिनी www.mitininepal.org.np बाट उपलब्ध छ ।

# प्राक्कथन

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरुको वास्तविक जीवन भोगाई समेटिएको यस कथा पुस्तक **"हाम्रो जीवन, हाम्रा कथाहरुः नेपालका लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिक"** का लागि प्राक्कथन लेखन गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ । समुदायका ज्येष्ठ नागरिकहरुको दश प्रेरणादायी जीवनकथा समावेश गरिएको यस पुस्तकले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरुले भोग्दै आइरहेको चुनौती र विभिन्न मुद्दाहरुलाई कथा मार्फत् सम्बोधन गर्ने प्रयास गरेको छ । कथापुस्तकका हरेक पानाहरुले शक्ति र रुपान्तरणका कथाहरुलाई समेट्दै उनीहरुको यात्रालाई जीवन्त बनाएको छ । यो पुस्तक एक वास्तविक अन्तर्दृष्टि हो ।

यस कथापुस्तकले समुदायका ज्येष्ठ नागरिकको विभिन्न मुद्दाहरु जस्तै आर्थिक संघर्ष, नागरिकता, एकल महिला भत्ता, सामाजिक सुरक्षा भत्ता, पारिवारिक तथा सामाजिक विभेद, आवास, सफलताको कथा, राजनैतिक सहभागिता, बच्चा ग्रहण लगायत वैवाहिक समानता नहुँदा समुदायका जोडीहरुले भोग्दै आईरहेको चुनौतीहरु सहित धेरै महत्वपुर्ण विषयहरुलाई समावेश गरेको छ । यी जीवनकथाहरुको माध्यमबाट समुदायका ज्येष्ठ नागरिकहरुले भोगेका अनुभवहरुलाई उजागर गर्ने प्रयास गरिएको छ, जुन समुह र उनीहरुको संघर्षलाई प्राय:जसो वेवास्ता गरिएको छ ।

नेपालको एलजिबिटिआई आन्दोलनमा ज्येष्ठ नागरिकहरुले महत्वपुर्ण भुमिका खेल्दै आईरहेको पाईन्छ, उनीहरु आन्दोलनका प्रयत्क्षदर्शीहरु हुन् । मितिनी नेपालले ज्येष्ठ नागरिक परियोजना अन्तर्गत विभिन्न प्रदेशका लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरुको तथ्याङ्क संकलन, दस्तावेजीकरण र प्रकाशनको माध्यमबाट उनीहरुको विषयलाई सम्बोधन गर्ने अग्रगामी प्रयासहरु गरेको छ ।

यस वर्षको अन्तर्राष्ट्रिय मानव अधिकार दिवस डिसेम्बर १० मा विश्वव्यापी नारा ***"सबैका लागि मर्यादा, स्वतन्त्रता र न्याय"*** सहित यो कथापुस्तक सार्वजनिक गर्न पाउँदा हामी निकै गौरवान्वित छौं ।

यस यात्रामा अटुट साथ र मार्गदर्शन प्रदान गर्नुहुने सबैप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं । हामी विशेष गरी आउटराईट ईन्टरनेशनल र सेज युएसएलाई उनीहरुको अमूल्य प्रोत्साहन, सुझाव र साथका लागि धन्यवाद दिन चाहन्छौं ।

हामी विगतलाई उत्सवको रुपमा मनाउँदै वर्तमानलाई सम्मान गर्दै यस्तो भविष्यको कल्पना गर्दछौं, जहाँ हरेक जीवन कथाहरु र प्रत्येक व्यक्तिलाई माया र सम्मान प्रदान गर्न सकौं ।

हाम्रो ऐक्यबद्धता,

**लक्ष्मी घलान**
अध्यक्ष
मितिनी नेपाल

# प्राक्कथन

यो अमूल्य संकलन प्रस्तुत गर्न पाउँदा मलाई असाध्यै खुसी लागेको छ, **"हाम्रो जीवन, हाम्रा कथाहरू: नेपालका लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिक"** कथा पुस्तक, आफ्नो जीवनको क्रममा अनौठो चुनौतीहरु सामना गर्ने व्यक्तिहरुको बल र दृढताको प्रमाण हो । यस कथा संग्रहले समानताको बारेमा हाम्रा कुराकानीहरूमा समावेशीताको महत्वलाई जोड दिंदै समुदाय भित्र अन्तरसम्बन्धित र अन्तरपुस्ताका मुद्दाहरूमा प्रकाश पार्छ ।

मलाई अझै याद छ जब मेरी हजुरआमाले आफ्नो बालविवाहको बारेमा बताउनुभएको थियो, त्यति बेला उहाँ आठ वर्षको हुनुहुन्थ्यो र विवाह के हो भन्ने कुरा पनि थाहा थिएन । यस कथा पुस्तकका धेरै कथाहरुले बालविवाहको प्रसंगलाई पनि छोएको छ । यसले उनीहरु बढ्दै जाँदा परिवारले सोचेको भन्दा भिन्न पहिचान सहित आउँदा परेको गहिरो प्रभावलाई प्रकाश पारेको छ, जुन समय लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको आन्दोलन नै औपचारिक रुपमा सुरुवात भएको थिएन ।

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकका लागि विवाह सम्बन्धी निर्णय गर्न उनीहरु बाल अवस्थामा हुँदा सहज थिएन, किनभने त्यो बेला उनीहरु आफ्नो लैङ्गिक पहिचान सहित खुल्ने वातावरण पनि थिएन । बालविवाह एउटा त्यस्तो प्रथा हो, जुन विभिन्न क्षेत्र, संस्कृति र धर्महरुमा प्रचलित छ । गरिबी, लैङ्गिक भेदभाव, र कानूनी कार्यान्वयन फितलो हुँदा यो अभ्यासले विशेषत बाल अवस्थामा दुलाहा र दुलही हुनु पर्दा धेरै प्रतिकुल परिणामहरु सिर्जना गरेको छ ।

व्यक्तिको समृद्धि र स्वपहिचानका लागि बालविवाह राम्रो अभ्यास होइन भनि बुझाउन आवश्यक छ । लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय भित्रको विविध विषयलाई विवाह सम्बन्धी यी परम्परागत संरचनाले समावेश गर्न चुकेको छ । तसर्थ, पुस्तकमा भएका कथाहरु मार्फत यी यस्ता शुन्यतालाई सम्बोधन गर्ने प्रयास गरिएको छ ।

सर्वोच्च अदालतले समलिङ्गी विवाहलाई अस्थायी रुपमा दर्ता गराउन नेपाल सरकारलाई अन्तरिम निर्देशन दिएको छ जुन यस समुदायको दम्पतीहरूको सम्बन्धलाई पहिचान गर्न एक निर्णायक कदम हो । फलस्वरूप, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरु बालविवाह, धार्मिक रीतिरिवाजमा गरिने विवाह सहित थप कानुनी स्पष्टता र संरक्षणको आवश्यकतालाई जोड दिदैं अन्य वैकल्पिक व्यवस्था खोज्न बाध्य छन् ।

यस कथा पुस्तकलाई जीवन्त बनाउन सहयोग र योगदान पुऱ्याउनु हुने सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछु । यहाँहरुको प्रोत्साहन, अन्तर्दृष्टि र अटल समर्थनले यी महत्वपूर्ण कथाहरुलाई प्रकाशमा ल्याउन सहयोगी भुमिका खेलेको छ ।

हाम्रो ऐक्यबद्धता !

हार्दिक धन्यवाद सहित

**सरिता केसी**
कार्यकारी निर्देशक
मितिनी नेपाल

# प्राक्कथन

सेजको तर्फबाट हामीलाई यस मुल्यवान् काममा समर्थन गर्न पाउँदा निकै हर्षित र आभारी छौं । लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरुको आवाज र जीवन्त वास्तविकतालाई प्राय जसो वेवास्ता गरिएको छ । यो कथा पुस्तकको योगदानको रुपमा समुदायका ज्येष्ठ नागरिकहरुले साझेदार गर्नु भएको वहाँहरुको व्यक्तिगत जीवन कथा, साहस, शक्ति र बहादुरीपनको एउटा उदाहरणीय कार्य हुन सफल भएको छ । यस कथा पुस्तकको हरेक पानामा समावेश गरिएका कथा, कथा मात्रै होइनन्, यी कथाहरु नेपालमा मात्र नभई विश्व कै लागि लैङ्गिक तथा यौनिक अल्पसंख्यक ज्येष्ठ नागरिकहरुको अदम्य साहस र दृढताको गम्भिर प्रमाण रहन सफल भएको छ ।

हृदय देखि नै धन्यवाद सम्पुर्णलाई, जसले विगतलाई ताजा गरी, वर्तमानलाई प्रतिबिम्वित गर्दै मर्यादित र आनन्दपुर्ण सुन्दर भविष्यका लागि सही दिशा प्रदान गरेको छ ।

हाम्रो ऐक्यबद्धता,

**हेना योर**
अन्तराष्ट्रिय कार्यक्रम निर्देशक
सेज युएसए

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

# शुभकामना सन्देश

नेपालको संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरिएको छ भने धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानूनबमोजिम सामाजिक सुरक्षाको हकको सुनिश्चितता गरिएको छ।

संविधानमा भएका यी व्यवस्थाका बाबजुद लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरूले अन्य ज्येष्ठ नागरिकको तुलनामा विभिन्न चुनौतीहरूको सामना गरिरहेका छन्। यसै सन्दर्भमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको अधिकारको क्षेत्रमा कार्यरत मितिनी नेपालले ज्येष्ठ नागरिक परियोजनाअन्तर्गत विभिन्न प्रदेशका १० जना लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरूको जीवनको वास्तविक भोगाई समेटिएको कथापुस्तक सार्वजनिक गर्न लागेको सुन्दा मलाई खुसी लागेको छ। पुस्तकमा समेटिएका लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकका विभिन्न सवालहरू जस्तैः आर्थिक सङ्घर्ष, नागरिकता समस्या, एकल महिला भत्ता, सामाजिक सुरक्षा भत्ता, पारिवारिक तथा सामाजिक विभेद, आवासको समस्या, सफलताको कथा, राजनैतिक सहभागिता, सन्तान ग्रहणलगायत वैवाहिक समानता नहुँदा ती समुदायका व्यक्तिहरूले भोग्दै आइरहेका चुनौतीहरूलाई वास्तविक पात्रमार्फत उजागर गर्ने प्रयास सराहनीय छ। यो प्रकाशन लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका जेष्ठ नागरिकहरूको अधिकारको वकालतमा कोशेढुङ्गाको रूपमा रहनेछ।

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरूको वास्तविक भोगाई समेटिएको यस कथा पुस्तकले सम्पूर्ण लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई प्रेरणा, साहस र उर्जा दिई मार्गदर्शकको काम गर्नेछ भन्नेमा म विश्वस्त छु। लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायकाको मानव अधिकारको संरक्षण र संवर्द्धनमा गरिने यस प्रकारको कार्यमा राष्ट्रिय मानव अधिकार आयोग सदैव साथ रहनेछ भन्ने दृढ विश्वासका साथ कथापुस्तकको सफलताका लागि शुभकामना व्यक्त गर्दछु।

नोभेम्बर, २०२३

**तप बहादुर मगर**
अध्यक्ष
राष्ट्रिय मानव अधिकार आयोग

फोन नं. ०९७७-१-५०१००१५, फ्याक्स नं. ०९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

# विषय सूची


- आर्थिक समस्यासँग संघर्ष गर्दै: मेरो अकथित कथा ........ १
- समाजसँग संघर्ष गर्दै, परिवारसँग मुकाबिला गरेकी मोहम्मद खातुन ........ ३
- आफ्नै नागरिकलाई नचिनेको सरकार ! ........ ५
- राज्यले खोसेको खुसी ........ ७
- सरकार तीरैतीर, जनता पीरैपीर ........ ९
- मेरो तेस्रोलिङ्गी पहिचानलाई स्वीकार गर्दा परिवारमा आएको खुसी ........ ११
- ऐलानीको बास, विभेदको त्रास ........ १३
- राजनीतिले रेट्यो सपना ........ १५
- संघर्षले खारिएका सियाराम ........ १७
- विभेदले निम्त्याएको बर्बादी ........ १९

# आर्थिक समस्यासँग संघर्ष गर्दै: मेरो अकथित कथा



अकली चौधरी

पुर्वी नेपालको सुनसरी स्थित इटहरी सोमबारेमा मेरो बसाई छ । म अकली चौधरी, जन्मजात म एक अन्तरलिङ्गी महिला हुँ । उमेरले ५३ वर्ष पार गरे । सामान्य आर्थिक अवस्थाको परिवारमा मेरो जन्म भएको हो । मेरो लालनपालनमा परिवारले निकै ठूलो संघर्ष गर्नुपऱ्यो । आर्थिक अवस्था कमजोर हुँदा मेरो परिवारमा बिहान खाए बेलुका खाने टुङ्गो हुँदैनथ्यो । कहिलेकाहीं त हामीहरु छिमेकीले फालेको खानामा निर्भर हुनुपर्ने बाध्यता थियो । कति रात त भोकै सुत्नु परेको अनुभव छ मसँग । संघर्ष नै भए पनि तत्कालिन अवस्थामा बालबालिकाले त्यसको महसुस गर्न कहाँ सक्छन् र ? अभिभावकको छत्रछायाँमा रमाउने बालबालिकाको माझमा म पनि रमाएकै थिए ।

महिला र पुरुष दुवैको यौनाङ्ग लिएर मेरो जन्म भयो । किनभने जन्मँदा महिलाको यौनाङ्ग नै बढी स्पष्ट देखिएकाले अभिभावकले मलाई छोरीको रुपमा हुर्काए । त्यसैले उनीहरु मलाई पुरुषको पहिरनमा हेर्न चाहन्नथे । परिवार बाहेक बाहिरको कसैलाई पनि मेरो अन्रलिङ्गी पहिचानको बारेमा थाहा थिएन । समय बित्दै गयो, म ७ वर्षको भए, अनि मेरो शरीरमा बिस्तारै परिवर्तन आउँदै गयो, जुन मैले वेवास्ता गर्न सकिन । मेरो शरिरमा आएको परिवर्तनसँगै बानी व्यवहारमा देखिएको अस्वभाविक क्रियाकलापले मेरो परिवारमा एक किसिमको चिन्ता पैदा गऱ्यो । उदाहरणका लागि प्रायजसो म, बुवा र दाजुको अगाडी मात्र महिलाको पहिरनमा हुन्थे, किनभने उनीहरूलाई मेरो लैङ्गिक प्रस्तुति प्रति घृणा थियो । आमाले मलाई उनीहरुका अगाडी महिलाको पहिरन लगाउन भन्थिन् । तर, मलाई पुरुषको पहिरनमा सजिन मन पर्थ्यो ।

म सानै हुँदा नै आमालाई यस विषयमा जानकारी भएकाले खासै आपत्ति रहेन । सात वर्षकै उमेरमा मैले आफ्नो अवस्थाबारे आमाको मुखबाट रहस्य चाल पाएकी थिएँ । उमेर सानै भएकाले आमाले भनेको कुराले ममा खासै असर परेन । उमेर बढ्दै जाँदा ममा पनि परिपक्वता आउँदै गयो । अब भने म आफ्नो यौन विशेषतामा चासो राख्ने र वास्तविकता खोज्न थालिसकेकी थिए । १४ वर्षको उमेरमा मैले आफ्नो यौन विशेषताबारे सम्पूर्ण जानकारी पाएँ । आफ्नो स्वपहिचानका लागि आमाले बुझाउन थालिन्, तर म जन्मँदा खेरि नै मेरो पहिचान थाहा पाएका परिवारका अन्य सदस्यहरूले म वयस्क हुँदै जान थालेपछि फरक व्यवहार गर्न थाले । उनीहरूले मलाई हिजडा र छक्का (तेश्रोलिङ्गीलाई अपमानजनक तरिकाले प्रयोग गरिने शब्दहरु ) जस्ता अपाच्य शब्दको प्रयोग गर्दै अपमान गर्न थाले । मेरो कारण सामाजिक प्रतिष्ठामा आँच आएको भन्दै दाजुभाइले कुटपिट समेत गर्न थाले । जब म आफुलाई यस्तो व्यवहारको विरुद्ध बचाउ गर्न थाल्थें, मेरा दाजुभाईले मलाई शारीरिक यातना दिन सुरु गर्थे । तर, बाउन्न लात, त्रिपन्न घुस्सा खाएरै किन नहोस्, म आफ्नो संघर्षको यात्राबाट थोरै पनि विचलित भइन । आफ्नो अधिकारका लागि बोल्न छोडिन । परिस्थिति यस्तो मोडसम्म पुग्यो, मेरा सहोदर दाजुभाइले नै घर निकालासम्मको योजना बनाए । यद्यपि आमाको निगाहले सुरक्षित हुन म सफल भए । वहाँले मलाई बुवा घरमा नहुँदा पुरुषको पहिरन लगाउन अनुमति दिनु भयो । मेरो लागि घरमा विवाहको प्रस्ताव आउँदा पनि आमाले मलाई बचाऊ गर्नु हुन्थ्यो । तर परिवारका अन्य सदस्यहरुको तिरस्कारको बोझबाट म उम्कन भने सकिन ।

छोराछोरी अधबैंसे हुँदै जाँदा बुढेसकालले छोपेको मेरो आमाको देहले यो संसारबाट बिदा लियो । आमाको मृत्युपछि म परिवारमा एक्लो भएँ । आमाको अन्त्यसँगै मेरो जीवनबाट संरक्षणको छानो नासियो । टेक्ने जमिन भासियो । म माथि भान्सादेखि विस्तारासम्म विभेद र घृणाको प्रहार थप घनीभूत हुँदै गयो । कुनै समय सुरक्षित लाग्ने मेरो घर, आमा नभएपछि मेरा दाजुभाईले मलाई अझ बढी चरम शारीरिक र मानसिक यातना दिन थाले ।



मेरो बुवाको व्यवहार पनि म प्रति राम्रो थिएन । म एक्लो भएँ। मैले आफुलाई एक्लो पाएँ।

त्यस पछि मेरो संघर्ष समाजसँग सुरु भयो । समाजबाट हुन सक्ने संभावित हिंसाको डरले मलाई घरबाट बाहिर जान मन लागेन । तर, मेरो परिवारभित्रको उत्पीडन असह्य भयो र यसले मलाई घर छोड्न बाध्य बनायो । एक रात त्यस्तो आयो, म इटहरीबाट भागेर काठमाडौंमा शरण लिन पुगें । त्यतिबेला म १४ वर्षको थिएँ ।

अन्तरलिङ्गी पहिचान भएता पनि म आफुलाई एक ट्रान्सजेन्डर पुरुषको रुपमा चिनाउन रुचाउँछु । काठमाडौंमा म एकजना साथीसँग बस्थें । मैले गार्मेन्ट उद्योगमा रोजगारी खोज्नु पऱ्यो । कामले मलाई खाना र बस्ने ठाउँ प्रदान गऱ्यो । यद्यपि, मैले आफुलाई श्रम शोषणको चक्रमा फसेको पाएँ, किनभने मैले आफ्नो हाडछाला गरेर अथक प्रयास गर्दा पनि मेरो श्रमको मुल्य पाइरहेको थिइन । ११ वर्षसम्म मैले मासिक ५०० नेपाली रुपैंया (हालको विनिमय दरमा चार अमेरिकी डलरभन्दा कम) कमाइरहेको थिएँ।

काठमाडौंले मलाई सुरुका दिनहरूमा शरण त दियो, तर शरीर बुढो र शिथिल हुँदै जान थाले पछि शारीरिक र भावनात्मक दुवै हिसाबले मेरो अवस्था दयनीय बन्दै गयो । परिवारले मलाई दुर्व्यवहार गरेका कारण म इटहरीमा रहेको आफ्नो परिवारको घरमा फर्किन सकिन। इटहरी मेरो लागि थिएन ।

कोभिड १९ को महामारीको समयमा मैले अझै आर्थिक समस्यासँग जुध्नु पर्‍यो । उक्त बेला घरबेटीले मलाई कोठाबाट निकाला गरिदिए । घरधनीले म प्रति कुनै दयाभाव देखाएनन् । अन्ततः मसँग कुनै विकल्प रहेन । दुई हप्ताभन्दा बढि समय म घरबारविहिन भएँ । त्यो बेला म पाउरोटीमात्र खाएर सडकमा रात बिताउन बाध्य भएँ । महामारीको दौरान मैले कुनै पारिवारिक समर्थन पनि पाइन । अर्कोतर्फ मेरो आधिकारिक परिचयपत्र महिलाको रहेकोले यसले अझ मेरो जटिलताहरूलाई बढाई दियो । किनभने म आफुलाई एक पुरुषको रुपमा प्रस्तुत गर्न रुचाउँछु । दुर्भाग्यवश, नेपालको विद्यमान कानुन र नियमले मलाई बाँधेर राखेको छ । यही कारण मेरो वास्तविक पहिचानलाई सही रुपमा प्रतिबिम्बित गर्ने प्रमाणित सरकारी कागजपत्र पाउन सकेको छैन ।

बाहिर हेर्दा सन्तुलित तराजु बोकेको कानुन त छ, तर त्यसले हामीहरूलाई न्याय दिनेमा मलाई र म जस्ता धेरैलाई रत्तीभर विश्वास छैन । त्यसैले हामीहरुलाई अब आफ्नै जीवनदेखि डर लाग्न थालेको छ । नारा र भाषणमा आश्वासनको राग अलापे पनि व्यवहारमा तात्विक भिन्नता नपाएको मेरो अनुभव छ । राजनीतिक परिवर्तनले विभिन्न तह र तप्कामा अधिकारको प्रत्याभुति गरेको भए तापनि राजनीतिक नेताहरूले मजस्ता लैङ्गिक तथा यौनिक अल्पसंख्यक ज्येष्ठ नागरिक र सरकारी सेवाको पहुँचबाट वञ्चित भएका एकल व्यक्तिहरूको अस्तित्वलाई स्वीकार गर्न सकेको छैन । बुढ्यौली लाग्दै जाँदा बिरामी हुने चिन्ता र कमजोरी साथै एकल ज्येष्ठ नागरिकको रुपमा आफ्नो जीवनलाई कसरी व्यवस्थित गर्ने भन्ने डरले सताइरहेको छ । ज्येष्ठ नागरिकहरूको सुरक्षाको मुद्दा नै ओझेलमा परेको छ ।

मेरो अनुरोध छ, सरकारले हामीलाई आर्थिक रुपमा सबल बनाओस्, लैङ्गिक तथा यौनिक अल्पसंख्यक ज्येष्ठ नागरिकको जीविकोपार्जनका लागि सुरक्षित आवास वा आश्रमको व्यवस्था गरोस् र लैङ्गिक विविधता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा र मर्यादाबाट वञ्चित गर्ने चुनौतीहरूको बेलैमा सम्बोधन होस् ।

# समाजसँग संघर्ष गर्दै, परिवारसँग मुकाबिला गरेकी मोहम्मद खातुन



## बेचन मोहम्मद खातुन

मेरो नाम मोहम्मद खातुन हो र म ६८ वर्षको भएँ । लैङ्गिक पहिचानको हिसाबले म एक ट्रान्सजेन्डर महिला हुँ । म सप्तरीको खोक्सर नगरपालिका स्थित शम्भुनाथ -१ निवासी मधेश प्रदेश (नेपालको दक्षिणपूर्वी तराई क्षेत्र) बाट आएकी हुँ । मुस्लिम समुदायमा जन्मेको मैले सुरुदेखि नै निरन्तर संघर्षको जीवन बिताउन बाध्य भएँ । मैले बाल्यकालदेखि नै संघर्षपूर्ण जीवन बिताउनु पर्‍यो । मधेशी समुदायको मुस्लिम भएको नाताले म नेपालको जातिय अल्पसंख्यक हुँ । मेरो परिवार र मैले परिवारको अस्तित्व सुनिश्चित गर्न धेरै चुनौतीहरूको सामना गर्नु परेको थियो ।

सामान्य परिवार, कट्टर धार्मिक आस्था, छोराको यौनाङ्ग लिएर जन्मे पनि फरक किसिमको बानी व्यवहार र लैङ्गिक प्रस्तुतिको कारण मेरो जीवनको ६८ वर्ष पार गर्न कहिल्यै सहज भएन । मेरा आमा र बाबु दुवैजनाले दैनिक ज्यालादारीमा काम गर्थे र उनीहरूसँग आफ्ना सन्तानका लागि खासै समय थिएन । बाल-बच्चाको गाँस, बासका लागि मजदुरीको सहायता लिने भएको कारण मेरो बाबु-आमा कहिल्यै घरमा बस्न पाउनु भएन । फलस्वरुप आमाबाबुको उपस्थितिले प्रदान गर्ने न्यानोपन र स्नेहबिना नै म हुर्कें । त्यसैले पनि मेरो परिवारमा पारिवारिक लालनपालनको आभाष कुनै पनि सदस्यले गर्न पाएनन् । अझ दिनभरीको मजदुरीबाट आएको पैसाले बिहान बेलुकाको छाक टार्नु पर्ने भएको कारण खानपानको समय कहिल्यै मिलेन । भोको पेटले आमाबाबुको बाटो हेरिरहेको आँखा धेरै दिन चारो नपाएरै निदाएको अनुभव छ मसँग ।

मैले आफ्नो लैङ्गिक पहिचानका कारण समाजबाट भेदभावको सामना गर्नु पर्‍यो । मेरो परिवारले मलाई छोरा जस्तै व्यवहार गर्दथ्यो, तर मेरो वास्तविक रुचि र झुकाव भने केटीहरूप्रति नै बढी थियो । यो बेमेलको स्थितिले परिवार र समाजबाट दुव्यर्वहारको सामना गर्न बाध्य भएँ । जब म हुर्कदैं गएँ, मलाई मेरो पारलैङ्गिक पहिचान सम्बन्धी उचित जानकारीको कमी भयो, यसले मेरो बोझलाई मात्र बढायो ।

१३ वर्षको उमेरमा मैले १२ वर्षकी एउटी केटीसँग विवाह गर्न बाध्य भएँ । यो मेरो परिवारको परम्परागत चलन अनुसार थियो । यद्यपि, विवाहपछि परिपक्व हुँदै जाँदा मात्र मैले आफ्नो लैङ्गिक पहिचानलाई सही अर्थमा बुझ्न थाले । विवाह भएको चार वर्ष बितिसक्दा पनि म र मेरो श्रीमतीको कुनै सन्तान भएनन् । यसले गर्दा म बस्दै आईरहेको समुदायमा शंका उब्जिएको थियो । बच्चा जन्माउन नसक्ने भनेर म माथि औंला ठडाइयो । यसमा मेरी श्रीमती पनि तानिएकी थिइन् । सन्तान नभएकोमा श्रीमतीलाई समाजले दोष लगाउन थाल्यो । अनि मलाई पनि हिजडा, छक्का नपुसंक हो कि के हो ? भनेर अनेक तरिकाले टिप्पणी गर्न थालियो ।

जब म १६ वर्षको भएँ, हाम्रो पहिलो सन्तान जन्मिए । विवाहको ती प्रारम्भिक क्षणहरूलाई फर्केर हेर्दा मेरो लैङ्गिक पहिचान सम्बन्धमा मैले भोगेका आन्तरिक प्रश्नहरूका साथ म विगत संझिन्छु ।

समय बित्दै जाँदा म एक वृद्ध किशोरीमा परिणत भएँ । मेरा व्यवहारहरु बदलिदैं गए, जुन मेरो आत्मसँग मेल खाँदैनथ्यो । मैले आफ्नी श्रीमतीसँग कुनै आकर्षण नभएको, महिलाको पहिरन लगाउन मनपर्ने, श्रृंगारपटार गर्न मन लाग्ने र शारीरिक हाउभाउ पनि महिलाको जस्तै भएको कुरा साहस जुटाउँदै आमालाई बताए । यसको जवाफमा आमाले मलाई आफ्नो लैङ्गिक पहिचान गोप्य राख्न आग्रह गर्नु भयो ।

जब म २० वर्षको भएँ, मेरो वास्तविक पहिचानको सत्यता परिवार र समाजबीच बिस्तारै बाहिर आउन थाल्यो । त्यसपछि जब मेरो बाबुले यो कुरा थाहा पाउनु भयो, वहाँबाट मैले शारीरिक कुटपिट र हिंसाका थुप्रै



घटनाहरू सहन गर्नु पर्‍यो । मेरी श्रीमतीलाई मेरो लैङ्गिक पहिचानको बारेमा थाहा थिएन । पहिचानबारे थाहा पाएपछि पनि उनले आफ्नो परिवार र गाउँसमाजमा मेरो पहिचान खुलाइनन् । मुस्लिम समुदायका महिलाहरूका लागि सम्बन्ध विच्छेदलाई श्रीमान्‌को अवज्ञा गरेको मानिन्छ, र श्रीमान्‌को अवज्ञा गर्नु भनेको परमेश्वरको अवज्ञा गर्नु बराबर मानिन्छ ।

त्यसपछि म संघर्षको जीवन जिउन आफ्नो गाउँ छाडेर काठमाडौं आएँ । मैले त्यहाँ सात हप्ता बिताएँ । श्रीमतीलाई घरमै छोडेको थिएँ । तर, परिस्थितिले मलाई लामो समय काठमाडौंमा पनि बस्न दिएन । बाबु बिरामी भएपछि म वर्ष दिन नबित्दै गाउँ फर्किन पर्‍यो, जुन गाउँले मलाई कुनै समय निकाला गरेको थियो ।

फेरी पनि म त्यही समाजसँग लड्दै आफ्नो संघर्षमय जीवन दौडाउन थाले । तर, पारिवारिक तथा सामाजिक रुपमा बाँधिएको श्रीमतिसँगको सम्बन्धलाई तत्काल अन्त्य गरिन । तर, अहिले मलाई आफ्नै पहिचानमा बाँच्नका लागि मेरै श्रीमतिले पनि साथ दिइरहेकी छिन् । त्यतिबेलासम्म मेरो सन्तान भए तापनि मलाई आफ्नो पहिचान प्यारो लाग्थ्यो । गाउँमा मेरो अर्को एकजना पार्टनर थियो, र उनीसँगको सम्बन्ध कायम राख्न चाहन्थे ।

अर्को तर्फ, विभिन्न कारणहरूले गर्दा मैले आफ्नी श्रीमतीसँगको सम्बन्ध अन्त्य गर्न सकिन । जब म दुई-तीन वर्षसम्म पक्षघात भएर हिंड्डुल गर्न सक्ने अवस्थामा थिइन, श्रीमतीले मेरो हेरचाह गर्थिन् । हामी बीच प्रेम थियो । उनी मेरो सहारा बनिन् ।

विश्वव्यापी कोभिड १९ महामारीको प्रकोपले एक पारलैङ्गिक महिलाको रुपमा मेरो चुनौतीलाई अझ जटिल बनायो, किनभने मैले आफ्नो पहिचान सार्वजनिक रुपमै खुलाई सकेकी थिएँ । म बेरोजगार भएँ । मेरो नागरिकता पुरुषको नाममा भएको र यसले गैरसरकारी संस्था र सरकारबाट कोभिडको बेलामा राहत माग्दा वा प्राप्त गर्दा चुनौती सिर्जना गर्‍यो । मेरो पहिचानले मलाई कमजोर बनायो, महामारीको समयमा मलाई थप पीडामा राख्यो ।

सामान्य जीवन चलाइरहेको कोरोनाकालमा फेरी एक पटक फरक लिङ्ग भएकै कारण समाजबाट अपहेलितको आभाष गर्नुपर्‍यो । सारा विश्व ठप्प भएको त्यो समयमा मेरो दैनिकी ठप्प हुनु ठूलो कुरा थिएन । महामारीको समयमा म र मेरो श्रीमतीले आफ्नो गुजारा चलाउन संघर्ष गर्‍यौं । तर, मलाई बिहान बेलुकी हातमुख जोड्न समस्या हुँदा पनि कुनै निकायले सहयोगको पहल कदमी गरेन । “ढल्कदो उमेर अनि समाजले बनाएको महिला र पुरुषको परिभाषा भित्र आफू नपर्दा दातृ निकायको सहयोग मात्र होइन, छिमेकीबाट पनि फेरी एक पटक बहिस्कृतको आभाष भयो ।” उनीहरूको अज्ञानता र सहानुभुतिको अभावले हाम्रो विषम आर्थिक अवस्थालाई अझ खराब बनायो । यसले उदाशी, चिन्ता र निराशालाई बढावा दियो । बिस्तारै यही कारणले मलाई डिप्रेसनको बाटोमा डोर्‍यायो ।

अनेकन ठक्करको सामना गर्दै जीवनको उत्तरार्द्धतर्फ लम्कदै गईरहेको मलाई कानुनका बारेमा खास ज्ञान छैन । सोही कानुनी ज्ञानको अभावमा आफू माथि भएका अनेकन विभेदको सामना गर्न बाध्य भएँ । यदि मलाई कानुनी विषयमा ज्ञान भैदिएको भए, मैले मेरो समुदायका व्यक्तिहरू माथि हुने गरेको भेदभाव अन्त्यका लागि कानुनी उपचार खोज्थे होला । आफ्ना आवाज सुनाउने निकाय भएको भए आफूहरूलाई पनि अन्य मानिस सरह कानुन बनाउन अनुरोध गर्ने थिए होला । तर, मैले अहिलेसम्म आइपुग्दा यस्ता निकाय कहिल्यै आभाष गर्न पाइन । न त मलाई हिंसा सम्बन्ध उजुरी हेर्ने कुनै निकायको बारेमा जानकारी नै छ ।

जातिय, लैङ्गिक र आर्थिक असमानता लामो समयदेखि मेरो जीवन यात्रामा बाधक बन्दै आइरहेको थियो । यदि कसैले आफ्नो जीवनबाट गरिबी अन्त्यका लागि संघर्ष गर्न प्रतिबद्ध छन् भने पहिचानकै कारण बाधा उत्पन्न गरिनु हुँदैन । कुन सिमान्तकृत समुदायले आर्थिक सहायता पाउँछन् भनेर सरकारले छुट्याउनु हुँदैन । सरकारसंग मेरो बिन्ती छ, “समाजका सबै सदस्यहरूले आफ्नो पृष्ठभुमि जस्तोसुकै भए तापनि समृद्ध जीवन जिउन समावेशी वातावरण सिर्जना गरियोस् ।”

# आफ्नै नागरिकलाई नचिनेको सरकार !



## छोटकनु चौधरी

मेरो नाम छोटकनु चौधरी हो । मेरो उमेर ७० वर्ष नाघेको छ । मेरा आमाबुवा दुवै बर्दिया (पश्चिम नेपाल) का थिए । बाल्यकाल हुँदा जब म मुस्किलले बोल्न सक्थे, त्यो बेला नै मेरो आमाबुवाको मृत्यु भयो । यसप्रकार म साहुजन (मालिक, जमिनदार) को घरमा हुर्के । मेरो ठुलो दाजु र म साहुजनकोमा नै घरेलु मजदुरको रुपमा हुर्केका थियौं । आमाबाबुको संरक्षण बिनाका ती दिनहरु सम्झँदा मलाई अझै पनि पीडा हुन्छ । अहिले म भोक र तिर्खाले भरिएको गहिरो दु:खमात्र सम्झन सक्छु । त्यस बेला मेरो समुदायका सुदूरपश्चिमका मानिसहरुलाई साहुजनको घरमा बसेर काम गर्ने चलन सामान्य थियो । म पनि साहुजनको घर र जमिनमा काम गर्दै हुर्किए ।

म छोराको यौनाङ्ग लिएर जन्मेको थिएँ, तर मलाई थाहा थियो कि म पुरुष होइन । जब म किशोरावस्थामा प्रवेश गर्दै थिएँ, विभिन्न समारोह, कार्यक्रमहरुमा महिलाको पहिरन र श्रृंगार सहित नाचगान गर्दै लगभग १२ वर्षको उमेरमा मैले आफ्नो वास्तविक पहिचान थाहा पाएँ । नाचगानको समयमा पुरुषले महिलाको पहिरन लगाउँदै नाच्ने परम्परा चौधरी समुदायमा विद्यमान छ । यस्तो प्रचलनलाई “नचनिया” भनेर चिनिने गरिन्छ । मैले आफ्नो पहिचानलाई साहुजन र आफ्नो दाजु समक्ष खुलाए र उनीहरुले मेरो पहिचानलाई पनि स्वीकार गर्‍यो । त्यति बेला कुनै पनि संस्थाहरु थिएनन्, जहाँबाट मैले आफ्नो लैङ्गिक पहिचान र यौनिकताका बारेमा आवश्यक जानकारी पाउन सक्थें । जे होस्, नाचगान गर्दै जाँदा मैले तेश्रोलिङ्गी महिलाको रुपमा आफ्नो पहिचान बुझ्न र स्वीकार गर्न पाएँ । म प्राय सधै जसो लुङगी (पुरुषले लगाउने एक प्रकारको फेब्रिक कपडा) र दुपट्टा (महिलाहरुले लगाउने टाउको र काँध छोप्ने लामो सल वा स्काफ) लगाउने गर्थे । त्यसैले यो पुर्ण रुपमा पुरुष वा महिलाको पहिरन नभई महिला पुरुष जसले पनि लगाउन सक्थ्यो । यस प्रकारको लैङ्गिक अभिव्यक्ति र मेरो पहिरन देखेर साहुजनकोमा काम गर्ने अन्य कामदारहरुले खिल्ली उडाउँथे । उनीहरु मलाई मेहेरा, महिलाको पहिरन गर्ने पुरुषको अनुहार भएको व्यक्ति, भनेर बोलाउने गर्थे ।

समय बित्दै गयो । उमेर घर्कदै गयो । जब म ३५ वर्षको पुगें, साहुजनको जञ्जिरबाट बाहिर निस्किए र मसंगै मेरो दाजु त्यहाँबाट नेपालको सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लामा बसाइँ सर्‍यौं । इन्द्रेणी सिर्जनशील समाज र मितिनी नेपाल जस्ता समुदायमा आधारित संस्थाहरुले आयोजना गर्ने कार्यक्रमहरुको बारेमा मैले थाहा पाएँ । बर्दियाको मेरो गाउँकी एकजना तेश्रोलिङ्गी महिलाले कैलालीमा यी संस्थाहरु खोज्न मलाई सहयोग गरिन् । यी संस्थाका व्यक्तिहरु मेरा मेन्टर थिए । बिस्तारै मैले तेश्रोलिङ्गीको नागरिकता सम्बन्धी अधिकार र उनीहरुको सम्मानजनक जीवनबारे थाहा पाएँ । मैले लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको अधिकारका लागि बोल्न र वकालत गर्न थालें ।

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई पछिल्लो केही वर्ष यता नेपाली समाजले बिस्तारै स्वीकार गर्न थालेको मैले देखेकी छु । तर समुदायका ज्येष्ठ नागरिकहरुले अझै पनि धेरै समस्या तथा चुनौतीहरु भोगिरहेका छन् । उनीहरु विभिन्न सरकारी सेवा तथा सुविधाहरुबाट वञ्चित छन् । साथै एक्लोपन, कमजोर आर्थिक अवस्था र हेरचाह गर्नेहरुको कमी जस्ता समस्याहरुको सामना गरिरहेका छन् । यी समस्याहरुलाई मैले पनि नजिकबाट अनुभव गरेकी छु ।

कोभिड १९ को महामारीको समयमा मेरो जीवन अस्तव्यस्त भयो । म ढकिया र टोकरी (फलफूल र तरकारी भण्डारन गर्ने टोकरी) बनाई आफ्नो जीविका चलाउने गर्थे । तर महामारीको समयमा भौतिक आवागमनमा प्रतिबन्ध लगाइएको थियो, र बजार पनि

खुल्ला थिएन, त्यसैले मैले आफुले बनाएका टोकरीहरू बजारमा लगेर बेच्न सकिँन । यस्तो कठिन परिस्थितिमा पनि मलाई राज्यबाट कुनै प्रकारको सहयोग र समर्थन प्राप्त भएन, किनभने त्यो बेला मसँग नागरिकताको प्रमाणपत्र थिएन । नागरिकता नभएकै कारण कोभिड १९ को खोपबाट पनि वञ्चित भएँ । (नागरिकताको प्रमाणपत्रले परिचय पत्रको काम गर्दछ, र कोभिड १९ खोप लगाउन अनिवार्य शर्त हो ।)

जब नेपाल सन् २००८ मा संघिय राष्ट्र बन्यो, मैले नागरिकताका लागि आवेदन दिन लगभग पाँच पटक स्थानीय अधिकारी र जिल्ला प्रशासन कार्यालय धाएँ । उनीहरुले पटक पटक मेरो आमाबाबुको मृत्युदर्ताको प्रमाणपत्र मागे । कार्यालयले मसँग बाबु-आमाको मृत्युदर्ता प्रमाणपत्र मागेपछि मेरो नागरिकता प्राप्तिको बाटो रोकियो । "पाँच वर्षको हुँदा बाबु-आमा गुमाएको मैले कहाँबाट मृत्यु दर्ताको प्रमाण ल्याउँ ?" लामो समयदेखि नागरिकता प्राप्तिका लागि संघर्ष गरेकी मैले स्थानीय सरकार निर्माण पछि पनि नागरिकताका लागि वडादेखि पालिकासम्म गएँ । अन्त्यमा, म बसोबास गर्ने वडाका एक जना अधिकृतले मलाई पाँच जना साक्षीहरु ल्याउन भने । तथापि, नागरिकता प्राप्त गर्ने मेरो संघर्षका बाबजुद म तेश्रोलिङ्गी भएकै कारण कसैले पनि मलाई मद्दत गर्ने आँट गरेनन् ।

म यो देशमा जन्मिएको भए तापनि मलाई राज्यले चिन्न सकेन । ७० वर्षको उमेरमा पनि म राज्यविहिन भएको छु । मेरो उमेरका अन्य ज्येष्ठ नागरिकहरूले हरेक महिना वृद्धभत्ता थापिरहेका छन् । अनि महामारीमा पहिलो प्राथमिकतामा रहेर कोभिड खोप लगाइरहेका थिए । तर बिडम्बना राज्यबाट अपहेलित म यी सबै सेवाबाट वञ्चित भएँ ।

नेपालमा शासनको तहमा पुगेका व्यक्तिहरूको पूर्वाग्रहका कारण यौनिक तथा लैङ्गिक पहिचानका आधारमा उचित पहिचान हुन सकेको छैन । यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका नागरिकमा सबैका लागि अभिभावकको भूमिका निर्वाह गर्नुपर्ने राज्यबाट पनि वेवास्ता गरिएको तीतो अनुभव छ । लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका धेरै नागरिकहरू छन्, जसले आफ्नो सम्पूर्ण जीवन राज्यद्वारा उचित रूपमा पहिचान नपाएर बिताएका छन्। । उनीहरूलाई राज्यको संरक्षण प्राप्त भएको छैन ।

अनेकौं उतारचढाव र संघर्षका साथ मैले देखेको सपना भने आज पुरा भएको छ । मेरो सन्दर्भमा अन्ततः नेपाली नागरिकता प्राप्त गर्ने मेरो सपना भर्खरै मात्र २३ अप्रिल, २०२३ मा पुरा भएको हो । मितिनी नेपाल, भजनी नगरपालिका वडा नं १ (सुदुरपश्चिम प्रदेश) का अधिकारी, धर्मेन्द्र श्रेष्ठ (वडा नं १ का वडा अध्यक्ष, कैलाली जिल्ला) र एकता समाज (भूमिहीन, अनौपचारिक रुपमा बसोबास गर्ने महिलाहरूको संस्था) ले मलाई नेपालको संविधान धारा १२ को आधारमा नागरिकता प्राप्त गर्न मद्दत गरे, जसले आमा र बुबाको वंश (वंशज)को आधारमा नागरिकता पाउने अधिकार प्रदान गर्दछ ।

म बसोबास गर्ने वडा नं १ का छिमेकीहरू मेरा पाँच जना साक्षी थिए । उनीहरु लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय भित्रका र अरु चाँहि समुदाय बाहिरका थिए, ती मध्ये दुई ट्रान्सजेन्डर महिलाहरु थिए । सुरुमा उनीहरुलाई साक्षी बनाउन धेरै चुनौतीपूर्ण थियो, तर मितिनी नेपाल लगायत एकता नेपाल जस्ता संस्थाहरूले मेरो अवस्थाको बारेमा बताउँदै सहयोग गर्न राजी गराए । वास्तवमा नागरिकताका लागि साक्षीहरूको महत्वपुर्ण योगदान थियो । उनीहरुको सहयोग बिना मैले नागरिकता प्राप्त गर्न सक्ने थिइन ।

नागरिकतासंगै म आफ्नो नयाँ जीवन सुरु गर्दैछु ।

**पोष्ट स्क्रिप्ट:** सन् २००८ मा नेपालको २४० वर्ष पुरानो राजतन्त्रको अन्त्य भयो, संविधानसभाको निर्वाचनसंगै नेपाललाई संघिय लोकतान्त्रिक राष्ट्र घोषणा गरियो ।

***"लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका धेरै नागरिकहरु छन्, जसले आफ्नो सम्पूर्ण जीवन राज्यद्वारा उचित रूपमा पहिचान नपाएर बिताएका छन्। । उनीहरूलाई राज्यको संरक्षण प्राप्त भएको छैन ।"***

# राज्यले खोसेको खुसी



## मिलन (धन कुमारी) बास्तोला

मेरो नाम मिलन (धन कुमारी) बास्तोला हो र म हाल ५२ वर्षको भएँ । म आफुलाई लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका एक पात्र भनेर चिनाउन चाहन्छु । म आफुलाई जीवन जिउन जान्ने अर्न्तगतको एक पात्र ठान्दछु । । हुन त मेरो जीवनमा हेर्नेको आँखाले केही नदेख्ला । तर, देखेका कुरा सबै कहाँ सत्य हुन्छन् र ? भोगाई र देखाई त फरक पाटो हुन् । टिप्पणीका लागि त देख्न पनि नपर्ला अरुले भनेकै आधारमा टिका टिप्पणी गर्ने चलन छ हाम्रो समाजमा । तर, वास्तविकताका लागि त भोगाइ नै चाहिन्छ ।

म जन्मँदा छोरीको यौनाङ्ग लिएर जन्मेको थिएँ, तर उमेरसँगै आफ्नो लैङ्गिकतामा स्पष्ट हुँदै गए । जब म १० वर्षको भएँ, मैले आफुलाई महिलाको रुपमा नभई पुरुषको रुपमा पहिचान गर्न थालें । पक्कै पनि मेरो यो निर्णय समाजका लागि स्वीकार्य थिएन, र मैले थुप्रै आलोचनाहरुको सामना गर्नु पर्‍यो । यद्यपि, मेरो भाग्यले मलाई साथ दियो । परिवारबाट भने मलाई खासै समस्या भएन । जसले मेरो जीवनलाई सहज मात्र बनाएन, आफ्नो लैङ्गिकतामा खुलेर बाँच्न उत्प्रेरणा समेत प्रदान गर्‍यो । यसले निश्चित रुपमा मेरो जीवनलाई सहज बनायो । पारिवारिक साथ र सहयोगले गर्दा नै मैले आफ्नो लैङ्गिक पहिचान स्वीकार गर्न पाए । मलाई लाग्छ, “सामाजिक मान्यता स्थापित गर्न परिवारले महत्वपुर्ण भुमिका खेल्दछ, परिवारमा नै सामाजिक मुल्यमान्यताले पहिलो आकार लिन्छ ।”

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायलाई स्वीकार गरेको परिवारका कारण मैले समाजमा आफ्नो लैङ्गिकताबारे धेरै बचाउ गर्नु परेन । त्यो मात्र हैन, मैले आफूले गर्ने हरेक काम बिना दवाब गर्न थाले । जसले मेरो जीवनलाई आफ्नै हिसाबले जिउन सहयोग गर्‍यो ।

समय बित्दै जाँदा मेरो भेट लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायकै एकजना पात्रसँग भयो, जो सँग मेरो गहिरो माया पनि बस्यो । हामी एक अर्कासँग खुशी थियौं । तर, यो बिचमा सामाजिक रुपबाट हामीलाई छुट्याउनका लागि धेरै कोसिस भयो । भाग्यवश, हामी दुवैजनाको परिवारले हाम्रो सम्बन्धलाई स्वीकार गरे । यससंगै हामीले हाम्रो सम्बन्धलाई धार्मिक विवाहमा परिणत गर्ने निर्णयमा पुग्यौं ।

मेरो पार्टनर निर्मला बास्तोलाले घर व्यवहार हेर्थिन् भने मैले हाम्रो जीविकाको लागि काम गर्न थाले । यो संगै हाम्रो जीवनको नयाँ अध्यायको सुरुवात भयो । मैले गाडी चालकको अनुमतिपत्र प्राप्त गरे भने म्याजिक बस (एक यातायातको साधन जसले विपन्न र पिछडिएका बालबालिका तथा युवाहरुलाई विद्यालय जान र रोजगारमुलक सीप हासिल गर्न मद्दत गर्दछ) संचालनमा ल्याएँ । म र मेरो पार्टनर भएर जीवनको रथ अगाडी बढाउन थाल्यौं । समय बित्दै जाँदा हामीले आफ्नो परिवारलाई पूर्ण बनाउनका लागि एक धर्मपुत्री पनि ग्रहण गर्ने निर्णयमा पुग्यौ । अहिले उनी १४ वर्षकी भइन् र विद्यालयमा पढ्छिन् । मेरो परिवारले उनको लालन-पालन तथा शिक्षादीक्षामा कुनै पनि कमि हुन दिएको छैन । तर, नेपालमा लैंङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले स्वीकार गरेका बालबालिकालाई कानुनी पहिचान प्रदान गरेको छैन । मेरो पहिचान पत्रले मलाई महिला बताउँछ, तर म एक ट्रान्सम्यान हुँ । निर्मलासंगको मेरो विवाहले कानुनी मान्यता प्राप्त गरेको छैन । त्यसैले, विपरीतलिङ्गी जोडीले झैं हामीले आफ्नो नानीलाई कानुनी रुपमा परिवारको नाम दिन सकेका छैनौं । हामीले गरेको बच्चा ग्रहणको कुनै कानुनी प्रमाण छैन । साथै, हाम्रो छोरीको जन्मदर्ताको प्रमाणपत्रमा पहुँच छैन, किनभने उनलाई जन्म दिने आमाबाबुले नै उनको जन्मदर्ता गराएका थिएनन् । हामीले हाम्रो छोरीको लागि जन्म दर्ताको प्रमाणपत्र प्राप्त गर्न संघर्ष गरिरहेका छौं । यस सम्बन्धमा भरतपुर महानगरपलिका, चितवन (बाग्मती





प्रदेशको दक्षिणपश्चिम क्षेत्र) मा उजुरी पनि दिएका थियौं, तर हामी अभिभावकको रुपमा नभई संरक्षणकर्ताको रुपमा मात्र चिनिन्छौं ।

कोभिड १९ को महामारीको समयमा हामीले आर्थिक कठिनाईहरुको सामना गर्नु पर्‍यो, त्यसबेला हामीलाई छोरीको विद्यालयमा शुल्क तिर्न देखि घरव्यवहार चलाउनलाई केही समस्या देखिएको थियो । लकडाउनका कारण बस संचालनमा पनि अवरोध उत्पन्न भयो, यसले हाम्रो आम्दानीमा प्रभाव पार्‍यो । यो मेरो परिवारको आम्दानीको एक मात्र श्रोत थियो । भाग्यवश सोही समय वुमन एक्ट नेपाल नामक गैरसरकारी संस्था (एन.जि.ओ.) को सहयोगले केही राहत मिल्यो । जसले खाद्य सामग्री लगायत राहत प्याकेजहरू प्रदान गरेको थियो । यस प्रकार हामीले ठुलो कठिनाईको सामना नगरी महामारीको सामना गर्न सफल भयौं ।

परिवार र अन्तत मेरो तेश्रोलिङ्गी पहिचानको सम्बन्धमा समाजको समर्थनको कारण मेरो जीवन केही सहज भएको म स्वीकार गर्दछु । यद्यपि, मेरो लैङ्गिक पहिचानलाई लक्षित गर्ने विभेदकारी कानुनका कारण मेरो जीवनमा अन्धकारको छायाँ छाएको छ । छोरीको सुरक्षित भविष्यको चिन्ताले हामीलाई दिनरात सताउने गर्छ । छोरीको जन्मदर्ता नहुँदा पारिवारिक सम्पत्तिमाथि रोक लाग्ने मात्र होइन, उनले राज्यबाट पाउने अन्य संरक्षणबाट पनि वञ्चित हुनुपर्ने डरले हामीलाई सताएको छ ।

हाम्रो आमाबाबु र आफन्तहरूले हाम्रो विवाहलाई स्वीकार गरेका छन्, परिवारको रुपमा हाम्रा साथीहरू र समुदायले हामीलाई स्वीकारेका छन्, तैपनि हाम्रो सम्बन्धलाई स्वीकार गर्न राज्य असफल भएको छ । म र मेरो पार्टनरलाई लाग्छ की हामी लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको भएकै कारण हामीमाथि भेदभाव गरिएको छ । यदि भविष्यमा समलिङ्गी विवाहलाई कानुनी मान्यता प्रदान गरियो भने राज्यका लागि हामी कसरी बोझ हुन सक्छौं, हाम्रो प्रश्न छ ? लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको पहिचान र अधिकारका लागि राज्यले अविलम्ब कानुन निर्माण गरोस् भन्ने हाम्रो माग छ ।

*नेपालमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले स्वीकार गरेका बालबालिकालाई कानुनी पहिचान प्रदान गरेको छैन । मेरो पहिचान पत्रले मलाई महिला बताउँछ, तर म एक ट्रान्सम्यान हुँ । निर्मलासंगको मेरो विवाहले कानुनी मान्यता प्राप्त गरेको छैन । त्यसैले, विपरीतलिङ्गी जोडीले झैं हामीले आफ्नो नानीलाई कानुनी रुपमा परिवारको नाम दिन सकेका छैनौं । हामीले गरेको बच्चा ग्रहणको कुनै कानुनी प्रमाण छैन ।*

# सरकार तीरैतीर, जनता पीरैपीर



## पन्नालाल चौधरी

सुनसरी (कोशी प्रदेश, पुर्वी नेपाल) की मेरो नाम पन्नालाल चौधरी हो । मेरो उमेरले ७० वर्ष नाघिसकेको छ, र म लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको एक प्रतिनिधि पात्र हुँ । नेपालमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय सुरक्षित छैनन् । उनीहरु आफ्नो घरमा सुरक्षित छैनन्, समाजले स्वीकार गर्न सकेको छैन, कोभिड-१९ को खोपमा पहुँच छैन र ज्येष्ठ नागरिक भत्ता पनि पाउन सकेका छैनन् । म ती व्यक्तिहरु मध्येकी एक हुँ ।

नेपालमा सरकारले ७० वर्ष माथिका ज्येष्ठ नागरिकलाई हरेक महिना वृद्धभत्ता दिने गरेको थियो । एक वर्षअघि मात्र सरकारले वृद्धभत्ताको लागि उमेर घटाएर ६८ वर्ष पुऱ्याएको थियो । वि.सं.२०७९ सालको आम निर्वाचन (ग्रेगोरियन क्यालेन्डरमा २०२२ अप्रिल) भन्दा पहिले मतदातालाई प्रभावित गर्न सरकारले यस्तो प्रावधान गरेको हो । वि.सं.२०५१ साल (अप्रिल १९९४) देखि नेपालमा सुरु भएको वृद्धभत्ताको राजनीति हरेक आमनिर्वाचनअघि कुनै न कुनै रुपमा प्रयोग हुने गरेको तीतो यथार्थ छ ।

सन् १९९४ मा सय रुपैयाँबाट सुरु भएको वृद्धभत्ताको रकम अहिले बढेर मासिक ४ हजार रुपैंया (आजको विनिमय दर अनुसार ३१ अमेरिकी डलरभन्दा कम) पुऱ्याइएको छ । यस प्रकारको भत्ताले नेपालका धेरै ज्येष्ठ नागरिकहरुको जीवनलाई सहज बनाएको छ । यद्यपि, मेरा लागि वृद्धभत्ता आकाशको जूनजस्तै भएको छ, एक पुरा नहुने आशा ।

छोराको यौनाङ्ग लिएर मेरो जन्म भयो । त्यसैले मेरो नागरिकतामा पुरुष इङ्गित गरिएको छ । मेरो वास्तविक लैङ्गिक पहिचानसहितको सरकारी कागजातका लागि कैयौं पटक सम्बन्धित निकायमा पनि पुगेकी छु । हारगुहार पनि गरे । मेरो उमेरका अन्य महिलाहरुले वृद्धभत्ता लिदै आएका छन्, तर म भने राज्यले प्रदान गर्ने यो सुविधाबाट वञ्चित छु । यस व्यवहारमा भएको अन्तरले व्यक्तिको पहिचान र समानताप्रति अझै कठिन लडाई लड्न परेको हो, जुन हाम्रो लागि दुखदायी छ ।

मेरो यात्रा तब सुरु भयो, जब म पुरुष यौनाङ्ग सहित जन्मे । ६ महिनाको हुँदा मैले मेरी आमालाई गुमाएँ । त्यसपछि मेरो हजुरआमाले मलाई हुर्काइन् । यो पीडा निरन्तर चलि नै रह्यो, जब म ८ वर्षको छँदा मेरो बुवाको पनि निधन भयो ।

समाजले मलाई ८ वर्षको उमेरमा नै विहेका लागि दबाब दिन थाल्यो । त्यो बेला सामाजिक दबाब थेग्न सक्ने कुरा थिएन । आफ्नो ईच्छा तथा आकांक्षा धरौटीमा राखेरै भए पनि घरजम गरे । त्यो कलिलो उमेरमा मलाई श्रीमान् श्रीमती बीचको सम्बन्धबारे खासै थाहा थिएन । विवाह अघि म श्रीमतीसंगै खेल्थें र उनकै अगाडि नुहाउने गर्थे । मलाई श्रीमतीको वास्तविक अर्थ पनि थाहा थिएन । समय बित्दै गयो । म पनि परिपक्व हुँदै गएँ, र आफ्नो लैङ्गिक पहिचानबारे अझ राम्ररी सचेत हुदैं गएँ । मेरो लैङ्गिक पहिचानमा परिपक्वता आउँदै जाँदा मैले श्रीमतीप्रतिको आकर्षण भने महसुस गर्न सकिनँ । मैले आफ्नो लैङ्गिक पहिचान श्रीमतीलाई खुलाएको थिएन । त्यसपछि, मेरो पहिचान थाहा पाए लगत्तै मेरी श्रीमती पनि मबाट टाढा हुँदै गइन् । तथापि, पारिवारिक तथा सामाजिक दबाबका कारण अन्ततः हाम्रो एउटा छोरा जन्मियो । सन्तान भैसकेपछि माया मोह बढ्छ भन्ने सामाजिक मान्यतामा परिवारले विश्वास राख्दा ममा भने कुनै किसिमको परिवर्तन आएन । जसले गर्दा मैले आफ्नो परिवारलाई सुमधुर तरिकाले अगाडि बढाउने सकिन । श्रीमती र छोराले मलाई छोडेर गए । हामी एउटै आँगनमा बस्ने गर्थ्यौं, तर म छुट्टै ठाउँ, अर्कै कोठामा बस्थें । मेरो छोराले मलाई पहिले बुवा भनेर सम्बोधन गर्थ्यो तर, १२/१३ वर्षको हुँदा उसले मेरो नटुवाको पहिचान थाहा पायो र रिसायो । त्यसबेला देखि अहिलेसम्म छोराले मसंग कुरा गरेका छैनन् । मानिसहरुले मलाई नटुवा (विवाह, जन्मोत्सव र अन्य सभा समारोहहरुमा नाचगान गर्न महिलाको पहिरन र श्रृंगार गर्ने पुरुषहरुका लागि

प्रयोग गरिने नेपाली शब्द) भनेर बोलाउने गर्दथे । यस शब्दावलीलाई हाल मेटी भनेर चिनिने गरिन्छ, जसले ट्रान्स महिलाहरूलाई जनाउने गर्दछ ।

२३ वर्ष हुँदा मैले आफ्नो पुर्ख्यौली घर छोडेर मधेश प्रदेशको सप्तरी जिल्लाको रुपनी भन्ने गाउँमा बसाई सरें । त्यहाँ मैले १२ वर्षसम्म दैनिक ज्याला मजदुर भएर काम गरें । लामो समयको अनुस्थितिपछि म आफ्नो गृह जिल्ला फर्किए । तथापि, घर फर्केपछि पनि मैले परिवारबाट कुनै प्रकारको न्यानोपन अनुभव गर्न पाइन । यतिबेलासम्म मेरा गाउँका मानिसहरूले म लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको हुँ भन्ने कुरा स्पष्ट रुपमा बुझिसकेका थिएँ । मेरो टोलछिमेकमा दुई-तीन जना थिए, जसलाई नटुवा पनि भनिन्थ्यो । त्यो समयमा तिनीहरू ट्रान्समहिलाको रुपमा खुलेका भने थिएनन् । अहिले त धेरै जना पहिचान सहित खुलेका पनि छन् ।

मैले परिवारको दबाबमा आउनुको सट्टा स्वतन्त्र रूपमा उभिने र आफुले स्वीकार गरेको लैङ्गिक पहिचानलाई अंगाल्ने निर्णय गरें । म आफुलाई आफ्नो स्वपहिचान सहित ट्रान्सवुमनको रूपमा चिनाउन चाहन्छु । तर मेरो परिवार र मेरो समाजले म जन्मँदाको यौनाङ्गको रुपमा नै आफुलाई चिनाउन निरन्तर दबाब दिई नै रह्यो । उनीहरूले मेरो वास्तविक पहिचानलाई स्वीकार नगर्दा म एक्लो भएँ । यद्यपि, यस्ता चुनौतीहरूको बाबजुद म निरन्तर अघि बढि नै रहे ।

अहिले म ७० वर्ष पुगिसकेको छु । अब त उमेरले नेटो काट्दै गयो । शरीरले कामभन्दा ज्यादा आराम खोज्न थाल्यो । एकल ट्रान्सवुमनको रुपमा म बस्न थालेको धेरै समय भै सक्यो । पुरुष लिङ्गबाट नागरिकता प्राप्त गरेकी मैले वृद्धभत्ताका लागि कैयौं पटक सरकारी अड्डा धाए । यसबीच मैले वृद्धभत्ताका लागि दिएको निवेदन १० पटकसम्म अस्वीकृत भयो । त्यो बेला मलाई कुनै पनि संगठनको बारेमा थाहा थिएन, जसले मलाई निवेदनमा सहयोग गर्न सक्थ्यो । भत्ता प्रक्रियालाई अघि बढाउन वडाले परिवारका सदस्यलाई आफुसंगै ल्याउन निर्देशन पनि दियो । यसका लागि ३० वर्ष उमेरको मेरो छोरासँग पनि सहयोग मागें । तर कसैले पनि सहयोग गरेनन् । त्यसैले वडा कार्यालयले पनि भन्यो, "हामी तपाईको निवेदनलाई प्रक्रियागत रुपमा अगाडि बढाउन सक्दैनौं ।"

मैले खासै पढेलेखेको थिइन । परिवारको पनि कुनै समर्थन थिएन । जब म वडा कार्यालयमा गएँ, मैले मेरो अधिकारको पक्षमा वकालत गर्न सकिनँ, किनभने ममा दृढता र आत्मविश्वासको कमी थियो । वडा कार्यालयमा आफ्नो पक्षमा कसरी वकालत गर्ने भन्ने मलाई थाहा थिएन । म विश्वस्त थिइँन ।

त्यसपछि, मेरो भेट मितिनी नेपालको सर्वेक्षणको क्रममा जेपि लिम्बुसंग भयो । म ज्येष्ठ नागरिक भत्ताका लागि उमेर हदले पनि योग्य भएको र नागरिकता पनि भएकाले भत्ता नपाउने कुनै कारण नभएको मैले थाहा पाएँ ।



मितिनी नेपालले मलाई पुरुषको रुपमा चिनाउने कानुनी कागजातहरू प्रयोग गरी ज्येष्ठ नागरिक भत्ताका लागि निवेदन दिन सहयोग गऱ्यो । साथै परिवारको तर्फबाट मेरो जेठो दाजुका छोरालाई साक्षी बनाउन वडा कार्यालय लिएर गयो ।

एक महिनाअघि मात्रै मैले ज्येष्ठ नागरिक भत्ता प्राप्त गरें । यो भत्ता प्रत्येक चार महिनामा दिने गरिन्छ भने महिनाको तीनहजार रुपैंया छ । वार्षिक रुपमा लिंदा बाह्र हजार हुन्छ । यसले मेरो दैनिक जीवनमा केही राहत दिएको छ । यो रकम बैंक खातामा नै जाने गरेको छ ।

कोभिड १९ महामारीको समयमा सरकारले एक बोरा चामल र तेलजस्ता खाद्यान्न साथै अन्य सामग्री उपलब्ध गराएको थियो तर त्यो पर्याप्त थिएन । मितिनी नेपालले म बिरामी हुँदा र आफ्नो जीविका चलाउन काम गर्न नसक्ने अवस्थामा सहयोग गरी मेरो जीवनलाई सहज बनायो । उनीहरूले मलाई नगद सहयोग सहित दाल, चामल, तेल जस्ता खाद्यान्न सामग्री र मास्क, स्यानिटाइजर जस्ता आवश्यक सामग्रीहरू प्रदान गरे ।

दैनिक गुजारामा सहज हुने आशाले हर्षको बहार आए पनि मलाई आफ्नो लैङ्गिकताप्रति सरकारी उदासिनताले भने पीडा थपिदिएको छ । मेरो सरकारसँग ठूलो गुनासो छैन । बस एउटै माग छ, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायलाई नेपालको कानुनले अन्य नागरिक सरहको व्यवहार गरोस् । यद्यपि, हाल आएर पछिल्लो समय नेपालमा समुदायको अधिकारका लागि काम गर्ने विभिन्न मानवअधिकारवादी संघसंस्थाहरू पनि खुलेका छन् । यसले समुदाय भित्रका युवाहरूलाई सेवा र अधिकारमा थप सशक्त बनाएको छ, तर समुदायका ज्येष्ठ नागरिकहरू अझै पनि उपेक्षित भएका छन् ।

# मेरो तेस्रोलिङ्गी पहिचानलाई स्वीकार गर्दा परिवारमा आएको खुसी



## राजेन्द्र धोबी


म राजेन्द्र धोबी लुम्बिनी प्रदेश (पश्चिम नेपाल) को बाँकेमा मेरो बसाई छ । उमेरले म ५६ वर्ष पुगिसके । म लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको एक सदस्य हुँ, र परिवार र समाज दुवैबाट विभेदका अनगिन्ती घटनाहरु खेप्दै आएको छु । मेरो बाल्यकाल भारतमा रहेको मेरो मामाको परिवारसँग बित्यो । लगभग १३ वर्षको उमेरमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका एक जना छिमेकीबाट आफ्नो लैङ्गिक पहिचान थाहा पाएँ । यो खोजले मेरो पहिचानलाई बुझ्ने र स्वीकार गर्ने यात्राको सुरुवात गरेको थियो । सुरुमा मैले आफ्नो पहिचानलाई भारतमा रहेको मेरो परिवारसँग साझेदार गरेको थिइन । तथापि, समय बित्दै जाँदा आफूमा आएको फरक किसिमको व्यवहारले मेरो परिवारको ध्यान खिच्यो । उनीहरुले ममा देखा पर्न थालेको सानो सानो परिवर्तनलाई पनि नियाल्न थाले । मेरो दैनिक क्रियाकलाप फेरिदै जाँदा मामाघरमा भने भान्जा बिर्गेलान् भन्ने डर भयो । त्यही भएर मलाई नेपालमा रहेको मेरो घरमा फिर्ता पठाइयो । घरमा पनि छोरा बिर्गियो भन्ने लागेर (सानो उमेर) को महिलासँग बिहेको कुरा चल्यो । बिग्रेको छोरालाई बिहेपछि बुहारीले ठिक ठाउँमा ल्याउछिन् भन्ने मान्यताबाट मलाई बिहेको चौतर्फी दबाब आयो । अन्ततः आफ्नो इच्छा विपरित मैले पारिवारिक रुपमा जबरजस्ती बिहे गरें ।

विवाह पछि पनि श्रीमतीसँगको मेरो सम्बन्ध राम्रो भएन । बिहेको केही समयपछि म भारत फर्किए, र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका मानिसहरुसँगै रमाउन थाले । यही समुदायमा मैले आफ्नो साँचो खुशी पाएँ । मैले नाचगान तथा अन्य मजदुरीलाई आफ्नो कर्म बनाए । साथै मैले लुगा धुने धोबीको रुपमा दैनिक ज्यालादारीमा काम गर्न थाले । आर्थिक रुपमा पनि केही रकम जम्मा भएपछि म फेरी नेपाल फर्किएँ ।

*परिवारमा एक छोराले निभाउनु पर्ने जिम्मेवारी पुरा गर्दै जाँदा मेरो परिवारले बिस्तारै म सहित मेरो पहिचानलाई स्वीकार गऱ्यो । यी जिम्मेवारीहरुमा मेरा पाँच जना दिदीबहिनीहरुको स्याहार तथा हेरचाह गर्नु, उनीहरुको घरबारका लागि प्रबन्ध मिलाउनु र आवश्यक परेको बेला उनीहरुका उपचार खर्च मिलाउनु आदि रहेका थिए ।*

श्रीमतीसंग मैले धेरै समय बिताएको थिइनँ । भारतमा छँदा म एकजना मुस्लिम तेश्रोलिङ्गी पुरुषसँग प्रेममा परेको थिएँ । हामी बीच आपसी साझेदारी भए अनुसार सँगै बस्दै आइरहेका थियौं । तर, मैले मेरो भावना र लैङ्गिक पहिचानबारे परिवारलाई बताउँदै इमानदार हुनुपर्ने आवश्यकता महसुस गरे । पार्टनरको सल्लाह अनुसार नेपालमा रहेको मेरो घरमा जाने आउने क्रम बढ्न थाल्यो । मैले मेरो परिवारलाई आर्थिक रुपमा सहायता पनि प्रदान गर्न थाले । परिवारमा एक छोराले निभाउनु पर्ने जिम्मेवारी पुरा गर्दै जाँदा मेरो परिवारले बिस्तारै म सहित मेरो पहिचानलाई स्वीकार गऱ्यो । यी जिम्मेवारीहरुमा मेरा पाँचजना दिदीबहिनीहरुको स्याहार तथा हेरचाह गर्नु, उनीहरुको घरबारका लागि प्रबन्ध मिलाउनु र आवश्यक परेको बेला उनीहरुका उपचार खर्च मिलाउनु आदि रहेका थिए ।

यस बीच मैले आफ्नो तेश्रोलिङ्गी पार्टनरसँग केही समयको लागि दोहोरो जीवन बिताएँ । एक दिन मेरो परिवारले भारतमा रहेको मेरो पार्टनरको बारेमा थाहा पाए । म त्यहाँ तेश्रोलिङ्गी पुरुषसँग बसिरहेको छु भनेर उनीहरुले



असहज महसुस गरे र मलाई त्यो सम्बन्ध अन्त्य गर्न दबाब दिए ।

उता, मेरो तेश्रोलिङ्गी पार्टनरको परिवारले पनि हामीलाई आपसी समझदारी अनुसार सम्बन्ध तोड्न दबाब दिई रहेका थिए । हामीले विवाह नगरी सँगै बसेको उनीहरुलाई मन परेको थिएन । सँगै नबस्ने सहमतिमा सम्बन्धबिच्छेद बापत अन्ततः मैले १ लाख ९० हजार नेपाली रुपैंया हरजाना पाएँ । त्यसपछि परिवारले मलाई पार्टनरबाट अलग रहन बाध्य बनायो ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायभित्र मैले तेश्रोलिङ्गी महिलाको रुपमा पहिचान गरेता पनि समुदायबाहिर आफ्नो पहिचानबारे सार्वजनिक गरिसकेको थिइनँ । सामाजिक दृष्टिकोणबाट हेर्दा मलाई पुरुषका रुपमा हेरिन्थ्यो ।


त्यसपछि मेरो परिवारले मलाई महिलासँग अर्को विवाह गर्न दबाब दिए । यो निर्णय लिन मलाई सहज थिएन । पारिवारिक दबावमा सम्बन्ध गाँसेकी मलाई सम्बन्ध अगाडी बढाउन असहज थियो । पछि, मेरो लैङ्गिकतामा पारिवारिक समर्थन भएसँगै मेरो जीवनको नयाँ अध्याय सुरु भयो । मेरो (दोश्रो) श्रीमतिले पनि मेरो लैङ्गिकतामा समर्थन मात्र जनाइनन्, जे भए पनि सँगै जीवन काट्ने कुरामा पनि सहमत भइन् । चुनौतीहरुको बावजुद उनले आफ्नो जीवन मसँग बिताउने निर्णय गरिन् । यसैको उपज हाम्रो परिवारमा २ छोरा र २ छोरी पनि भएँ । म पिता र पतिको रुपमा आफ्नो जिम्मेवारी पुरा गर्न समर्पित रहें । मेरो श्रीमती र तिनको परिवारले पनि मेरो पहिचानप्रति निशर्त स्वीकृति देखाए ।

पारिवारिक स्वीकृति पछि मैले आफ्नो वास्तविक पहिचान लुकाउनुपर्ने बाध्यता रहेन । पारिवारिक रुपमा नै सहर्ष स्वीकार हुँदा अन्य स्थानमा मलाई खास समस्या परेको छैन । कतिपय आफन्तले त मेरो लैङ्गिक पहिचानकै आधारमा पनि मलाई बोलाउने गर्छन् । जसले मलाई आफ्नो लैङ्गिकतामा गर्व गर्न मन लाग्छ । मेरो लागि यो खुशी र गर्वको विषय हो । मेरा छोराहरूले मलाई बुवा भनेर सम्बोधन गर्छन् र उनीहरुका श्रीमतीहरु जो मेरा बुहारीहरु हुन्, मलाई सासु भन्दै आदरभावका साथ व्यवहार गर्छन् । हरेक काम सरसल्लाहमा हुन्छ । मलाई लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको पक्षमा वकालत गर्न पारिवारिक रुपमा कुनै समस्या भएन । मेरो समर्थनमा मेरी श्रीमति पनि वकालत गर्न पछि पर्दिनन् । यसका लागि म परिवारप्रति कृतज्ञ छु । हरेक पाइलामा उनीहरुको अटुट समर्थनले मेरो जीवनयात्रा सहज बनेको छ ।

पारिवारिक स्वीकृतिले गर्दा समाजमा मर्यादित जीवन बिताउन मलाई सहज भएको छ । तर, अहिले पनि राज्यप्रति भने मेरो गुनासो छ । म चाहन्छु की यो समुदायका हरेक नागरिकले आफ्नो पहिचानसहित सम्मानपुर्वक बाँच्न पाउन् । यसका लागि नागरिकको यो अधिकार सुनिश्चित गर्न राज्यले विशेष भुमिका खेल्नुपर्छ ।

*..... अहिले पनि राज्यप्रति भने मेरो गुनासो छ । म चाहन्छु की यो समुदायका हरे क नागरिकले आफ्नो पहिचानसहित सम्मानपुर्वक बाFच्न पाउन् । यसका लागि नागरिकको यो अधिकार सुनिश्चित गर्न र ाज्यले विशेष भुमिका खेल्नुपर्छ ।*

# ऐलानीको बास, विभेदको त्रास



राजु भुजेल

वि.सं. २०२७ सालमा (ग्रेगोरियन क्यालेन्डरमा सन् १९७०) हाम्रो परिवारको तेश्रो सन्तान राजु भुजेलको रुपमा मेरो जन्म भयो । शिल्पीको घन प्रहार खप्दा खप्दा देउताको मूर्तिले आकार पाएको हुन्छ । मैले कहिले जीवन बुझ्न, कहिले खाली पेट भर्न त कहिले परिवारको जिम्मेवारी बहन गर्न अनेक प्रकारले संघर्ष गर्दै आएँ । सुरुमा छोराको यौनाङ्ग लिएर जन्मे पनि पछि मेरो व्यवहारमा परिवर्तन आयो ।

बच्चाले सामान्यता जीवनको प्रारम्भिक तीन वर्षमा आफ्नो लिङ्गको पहिचान गर्न थाल्छ भन्ने कुरा मैले चिकित्सा विज्ञानबाट चाल पाएँ । यसको अर्थ यो हो कि जब बच्चा तीन वर्षको हुन्छ, तबसम्म उसको आत्मपहिचानले आकार लिन थाल्छ ।

जब म लगभग ७ वा ८ वर्षको थिएँ, मैले महिलाको पहिरन लगाउने निर्णय गरें । त्यो अनुभवले मलाई असाध्यै आनन्दित तुल्यायो र म उत्साहले ओतप्रोत भएर घर फर्कें । दुखको कुरा, मेरो यस निर्णयमा मेरो परिवार सहमत थिएनन् । मेरो व्यवहारबाट आजित परिवार अब भने मेरो क्रियाकलापबाट चिन्तित हुन थाले । छोरा मान्छे भएर छोरीको लुगा किन लगाएको भन्दै परिवारका सदस्यले शारीरिक यातना सहित कुटपिट गरे । उमेरले राम्रो-नराम्रो छुट्याउने भइसकेको मेरो मन कहाँ रोकिन्थ्यो र ? मैले परिवारको आँखा छलेर केटीको पहिरन लगाएर आफ्नो इच्छा पूरा गर्न थालें । यसले मलाई सान्त्वना र आनन्द दिन्थ्यो । मेरो परिवारले म हुर्कंदै जाँदा अन्य पुरुष सरह परम्परागत पुरुष व्यवहार अनुसार चल्छ भन्ने आशा राखेको थियो । छोरा बुझ्ने भएपछि छोराकै व्यवहार देखाउला भन्ने सोचेका परिवारमा निराशाले बास गर्दै गयो ।

१२ वर्षको उमेरमा मैले घर छोडें । मैले विद्यालय जान पनि छाडें । गाई, भैंसी र बाख्राको स्याहारसुसार गर्दै दैनिक ज्यालादारीमा काम गर्न थालें । गाईवस्तुलाई खाना

*जब म लगभग ७ वा ८ वर्षको थिएँ, मैले महिलाको पहिरन लगाउने निर्णय गरें । त्यो अनुभवले मलाई असाध्यै आनन्दित तुल्यायो र म उत्साहले ओतप्रोत भएर घर फर्कें । दुखको कुरा, मेरो यस निर्णयमा मेरो परिवार सहमत थिएनन् । छोरा मान्छे भएर छोरीको लुगा किन लगाएको भन्दै परिवारका सदस्यले शारीरिक यातना सहित कुटपिट गरे । उमेरले राम्रो-नराम्रो छुट्याउने भइसकेको मेरो मन कहाँ रोकिन्थ्यो र ? मैले परिवारको आँखा छलेर केटीको पहिरन लगाएर आफ्नो इच्छा पूरा गर्न थाले । यसले मलाई सान्त्वना र आनन्द दिन्थ्यो ।*

खुवाउने, पानी छ वा छैन भनेर सुनिश्चित गर्ने देखि लिएर तिनीहरुका लागि घाँस काट्ने काम गर्थें । यसका साथै मैले मानिसहरूको घरमा घरायसी काममा पनि सहयोग गरें ।

१६ वर्षको उमेरमा मैले आफ्नो गाउँ छोडें । जीवनको मेरो यात्राले मलाई इटहरी (पूर्वी नेपाल) सम्म पुऱ्यायो, जहाँ मैले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका साथीहरुको सामिप्यता र सान्त्वना पाएँ । यसप्रकार म ७-८ वर्षसम्म आफ्नो परिवारबाट टाढा बसें । यस अवधिमा मैले नील हीरा समाज (नेपालमा एलजिबिटिआई समुदायको अधिकारका लागि काम गर्ने संस्था) मा एच.आई.भी. रोकथाम सम्बन्धी सचेतनामुलक काममा सहभागी भएर काम गरे । कामको सिलसिलामा कण्डम वितरण गर्ने क्रममा मैले प्रहरीबाट यातना र दुर्व्यवहारको सामना गर्नु पऱ्यो । उक्त समयमा लैङ्गिक तथा यौनिक



अल्पसंख्यक समुदायलाई कलंक र लान्छना लगाउने र समाजमा एड्सको बारेमा खुलेर छलफल गर्ने वातावरण थिएन । जब मेरो वकालत गर्ने कार्यले गति लिदैं गयो, फेरी नयाँ चुनौती र समस्याहरु थपिदैं गए । यस बीच मलाई धेरै पटक प्रहरीले हिरासतमा लियो । यी चुनौतीहरूको बावजुद पनि मेरो साहस अटुट रह्यो । मेरो पहिचानलाई बलियो बनाउदैं यी चुनौतीहरूले मेरो विश्वासलाई कायम राख्न बल पुर्‍यायो ।

२० वर्षको उमेरमा आमा गम्भिर बिरामी भएको खबर सुनेर म आफ्नो गाउँ फर्के । त्यसपछि, मेरो परिवारले म सुध्रने आशमा एकजना केटीसँग जबरजस्ती मेरो घरजम बसाइ दियो । मेरी श्रीमती पनि २० वर्षकी थिइन् । मैले तेश्रोलिङ्गी महिलाको रुपमा आफ्नो पहिचानबारे खुलेर उनीसँग कुरा गरें । उनीले मलाई बुझिनन् मात्रै, मेरो पहिचान सहित मलाई स्वीकार गरिन् । श्रीमतीको स्वीकारोक्तिले मलाई झनै बलियो बनायो ।

के उनको स्वीकारोक्ति साँचो थियो ? उनीसँग कुनै विकल्प थिएन । उनलाई उनको परिवारले मसँगको विवाह भाग्यमा लेखिएको रहेछ भनेर स्वीकार गर्न लगाइयो । त्यसैले मलाई लाग्छ, उनको यो स्वीकारोक्ति दबाबमुलक थियो ।

मैले आफ्नो गाउँ छोडेर श्रीमतीलाई आफुसँगै इटहरी ल्याउने निधो गरें, जहाँ हामी सँगै दुवैले जीवनको नयाँ अध्यायको सुरुवात गर्‍यौं । तर, इटहरीमा भने मैले दुविधाको सामना गर्नु पर्‍यो । इटहरीमा आफ्नै समुदायको साथीसँग बसेकी मलाई विहे गरेर ल्याएकी श्रीमती एउटै घरमा राख्न समस्या भयो । हात मुख जोर्न पनि धौधौको अवस्थामा मैले इटहरीको एक कुनामा ऐलानी जग्गामा सानो छाप्रो बनाएँ र आफ्नी श्रीमतीसँग त्यहाँ बस्न थाले । तर ऐलानी जग्गामा बस्दै आएका हामी सरकारले कुनै पनि बेला उठिबास लगाउन सक्ने भएकाले दिनरात त्यही डरले सताउन थाल्यो । यस प्रकारको अनिश्चितताले मेरो मानसिक स्वास्थ्यमा समेत असर गर्‍यो । जीवनको मेरो एउटै चाहना छ, आधिकारिक रुपमा मेरो नाममा दर्ता गरिएको जग्गामा बस्न पाउँ ।

इटहरीमा एक जना समलिङ्गी पुरुषसँग म सम्बन्धमा थिएँ । वहाँ मेरो घरमा मलाई भेट्न आउने गर्नु हुन्थ्यो । मेरो श्रीमतीलाई पनि हाम्रो सम्बन्धका बारेमा थाहा थियो । यद्यपि, मेरो श्रीमतीसँग कानुनी रुपमा विवाह भएको थियो र हामी सँगै बसिरहेका थियौं, हाम्रो सम्बन्धविच्छेद भएको थिएन ।

**पोस्ट स्क्रिप्ट:** राजुको २३ फेब्रुअरी २०२३ मा स्वास्थ्य जटिलताका कारण निधन भयो । राजु ५३ वर्षका थिए । उसको विवाहबाट ३ छोरीहरु थिए, उनीहरु सबै हुर्किसकेका छन् । छोरीहरुले पनि राजुको पहिचानलाई स्वीकार गरेका छन् । राजुकी श्रीमती उनीहरूको कान्छी छोरीसँग बस्दै आईरहेकी छिन् । ऐलानी जग्गामै बस्दै आईरहेकी राजुको श्रीमती जग्गाधनी लालपुर्जा अझै पनि नआएकाले चिन्तित छिन् ।

*म एच आई भी सम्बन्धी सचेतनामुलक काम गर्दै थिएँ । कामको सिलसिलामा कण्डम वितरण गर्ने क्रममा मैले प्रहरीबाट यातना र दुर्व्यवहारको सामना गर्नु पर्‍यो । उक्त समयमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायलाई कलंक र लान्छना लगाउने र समाजमा एड्सको बारेमा खुलेर छलफल गर्ने वातावरण थिएन..... यी चुनौतीहरूको बावजुद पनि मेरो साहस अटुट रह्यो । मेरो पहिचानलाई बलियो बनाउँदै यी चुनौतीहरुले मेरो विश्वासलाई कायम राख्न बल पुर्‍यायो ।*

# राजनीतिले रेट्यो सपना



## शीला गुरुङ

म शिला गुरुङ्ग र आफुलाई एक ट्रान्सजेन्डर पुरुषको रुपमा चिनाउन चाहन्छु । म आफ्नो पार्टनर सीता कुमारीसँग बस्दै आईरहेको लामो समय भयो । नेपालको शासन व्यवस्था परिवर्तनको आन्दोलनको एक समर्पित योद्धा म पनि हुँ । नेपाली राजनीतिको एक घटक नेपाल कम्युनिष्ट पार्टी (एमाले) को प्रतिनिधित्व गर्दै यात्रा सुरु गरेको मैले आफ्नो जीवनका महत्वपुर्ण वर्षहरु राजनीतिमा समर्पित गरें । एमालेको युवा संगठनदेखि जिल्ला कमिटिको सदस्य भएर मैले तल्लो तहबाट काम सुरु गरें ।

मेरो जन्म वि.सं. २०२६ साल (सन् १९६९) मा धेरै पढेर आफ्नो राष्ट्रका लागि योगदान गर्ने तीव्र इच्छाका साथ भएको थियो । तर, सामान्य आर्थिक अवस्था भएको परिवारले मेरा सबै इच्छा पूरा गरिदिन कहाँ सक्यो र ? मेरो यो सपना पुरा गर्न कठिन लडाँइ लडे सरह थियो । म आफै परिवारको रोजीरोटी सहज बनाउन कक्षा ८ पास गरे लगतै रोजगारीको खोजीमा भौतारिए । रोजगारीको सिलसिलामा म नेपालगञ्जको भेरी अस्पताल पुगें। अस्पतालले अनमी (सहायक नर्स मिडवाइफ) का लागि सूचना निकालेको रहेछ । मैले त्यसमा फारम भरें र पास पनि भएँ । यद्यपि, अवस्था अर्कै भई दियो । अस्पतालको कामले मलाई सारी (शरीरको चारैतिर लगाउने ६ वा ९ गजबुनेको कपडा र शरिरको अग्रभागलाई छोप्ने छोटो ब्लाउज सहितको महिलाको लुगा) लगाउनुपर्थ्यो । त्यस कुरामा म सहमत भइन, किनभने सारी लगाउँदा मेरो वास्तविक लैङ्गिक पहिचान पुष्टि हुँदैनथ्यो । मेरो परिवारको आर्थिक कठिनाईलाई ध्यानमा राखेको त थिएँ, तर तत्काललाई मैले अस्पतालमा काम नगर्ने कडा निर्णय गरें । बरु मैले ज्येष्ठ नागरिक व्यक्तिहरुका लागि शिक्षकको रुपमा काम गर्ने सोचे । मैले नारी विकास केन्द्र (महिला सशक्तिकरण केन्द्र) बाट दुई वर्षका लागि पशु चिकित्सा प्रशिक्षण प्राप्त गरे । प्रौढ शिक्षासँगै गाउँ गाउँमा गाईवस्तुलाई औषधी दिने र खोप लगाउने कार्य गर्दै मेरो दिनचर्या बित्न थाल्यो । यस कार्यले मेरो परिवार र मेरो समुदाय दुवैप्रतिको मेरो प्रतिबद्धतालाई अझ बलियो बनायो ।

यही बीचमा मैले फेरी अध्ययनलाई अगाडी बढाउने सोचेर एस.एल.सी.(विद्यालय तहको प्रमाणपत्र) परीक्षा दिने निधो गरें। दुर्भाग्यवश, शिक्षामा लामो अन्तरालका कारण जब मैले आफ्नो परिवारलाई आर्थिक रुपमा समर्थन गर्न कक्षा दशमा पढ्दै गर्दा विद्यालय छोड्नु पर्‍यो, मेरो उच्च शिक्षाको सपना अधुरै रह्यो । यो बीचमा मलाई नेपाल प्रहरीमा सेवाको रहर पनि जाग्यो । तर, त्यहाँ भित्रको वातावरणले म त्यो सपनामा पनि अडिग रहन सकिन । छोरीको यौनाङ्ग लिएर जन्मे पनि म भित्र पुरुषमा जस्तो जोश जाँगर थियो । मेरो लैङ्गिक प्रस्तुति फेरी पनि बाधा बन्ला भन्ने सोची यो सपना पनि पुरा भएन ।

मेरो साहसी व्यक्तित्व र समाजमा अन्याय विरुद्ध लड्न सक्ने अटुट आत्मविश्वासले गर्दा मैले राजनीतिमा करियर बनाउने विचार गर्न थाले । भाग्यवश मेरो परिवारका सदस्यहरुले यो निर्णयलाई समर्थन गरे । वि.सं. २०६३ (२००६) मा मैले नेपाल कम्युनिष्ट पार्टी (एमाले) को युवा संगठनमा स्वयम्सेवा गर्न थालें। वि.सं. २०६६ (२००९) मा पार्टीले मलाई औपचारिक रुपमा सदस्यता प्रदान गर्‍यो ।

राजनीतिमा लागेसँगै मेरो दिनचर्या फेरिएको थियो । समाज रुपान्तरणको नारामा अभ्यस्त मलाई विभिन्न कार्यक्रममा जाँदा नयाँ-नयाँ कुराको जानकारी भइरहेको थियो । यसै सिलसिलामा वि.सं. २०६५ (२००८) मा म लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको अधिकारका लागि पैरवी गर्ने कार्यक्रममा सहभागि भएँ । त्यहाँबाट मैले आफ्नो लैङ्गिक पहिचानबारे अझ खुलेर जान्ने अवसर पाएँ । अन्तत मैले आफुलाई तेश्रोलिङ्गी



पुरुषको रुपमा चिनाउन थालें । त्यसको केही समयपछि मैले आफु आबद्ध एमालेको राजनीतिक दलभित्र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको अधिकारका लागि वकालत गर्न थालें । तथापि, मेरो प्रयासलाई मेरा थुप्रै सहकर्मीहरुले प्रतिरोध गरें । सक्रिय राजनीतिमा प्रवेश गरेको म, राजनीतिक जटिलता त्यसपछि आयो, जब मैले आफ्नो लैङ्गिकतामा खुलेर बहस गर्न थाले । मेरो लैङ्गिकतालाई लिएर पार्टीभित्र विभिन्न मतभेद आए । अधिकारका लागि भन्दै राजनीति गर्ने दलहरूलाई मैले नजिकबाट चिन्न पाएँ । अघिल्लो दिन मात्र मलाई 'कमरेड शीला' भनेर सम्बोधन गर्नेहरुले कसरी मबाट दुरी कायम गर्न थाले भन्ने कुरा मलाई राम्ररी याद छ । राजनीतिले मलाई बिर्सदै गयो । समानताको कुरा गर्ने सिनियर नेताहरु थमथमाउन थाले र मलाई अवसर तथा सक्रिय जिम्मेवारीबाट टाढै राखियो । लैङ्गिक पहिचानपछि मेरो राजनीतिक जीवनमा अवरोध आउन थाल्यो । समुदाय भित्रको पुरुषका रुपमा मेरो सार्वजनिकीकरण पार्टी, समाज र संगठन सबैका लागि टाउको दुखाईको विषय बन्यो । राजनीतिमा पनि लैङ्गिक विभेद हुने रहेछ । समाज परिवर्तनको नारा लगाउने दलहरु यौनिकता र लैङ्गिकताको आधारमा कुनै एक जनालाई अवसरबाट वञ्चित गर्न लाग्ने रहेछन् । त्यो उदाहरण म हुँ । लैङ्गिक पहिचान नहुँदासम्म मलाई दिइने अवसर र जिम्मेवारी तथा गरिने व्यवहार लैङ्गिक पहिचान पछि फेरिएको छ । मलाई मुखै खोलेर कसैले अपहेलित तथा विभेद गर्न नसके पनि व्यवहारत: विभेद गरिएको छ ।

म भन्दा जुनियरले पार्टीभित्र ठूलो जिम्मेवारी पाउँदा समेत मलाई पार्टीले पत्याएको छैन । जसले गर्दा मलाई राजनीति प्रति वितृष्णा मात्र जागेको छैन, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायले भोग्नुपर्ने विभेद अझै कहिलेसम्म रहने हो भन्ने कुराले पनि सताउन थालेको छ । लैंङ्गिक पहिचान पछि यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका आवाज माथिल्लो तहसम्म पुऱ्याउने मेरो सपना पार्टी भित्रको विभेदले अन्त्य गरिदिएको छ ।

प्रजातन्त्रको सुन्दर पक्ष भनेको बहुदलीय व्यवस्था हो । यस्तो शासन व्यवस्थामा नागरिकले आफ्नो नेता आफैं छान्ने र आफ्ना मुद्दाहरु लिएर स्वतन्त्रपुर्वक जान सक्छन् । प्रत्येक ५ वर्षमा हुने आवधिक निर्वाचन मार्फत् नागरिकले दलहरुको परीक्षा लिन्छन् । मुलुकलाई सबल र समृद्ध बनाउन वि.सं. २०७२ मा नेपालको शासन प्रणालीलाई एकदलिय शासनबाट बहुदलिय संघियतामा परिवर्तन गरियो । यहीं शासन व्यवस्था हो नेपालको संविधानले परिकल्पना गरेको ।

नेपालको कानुनले समावेशिताको कुरा गरेको छ । सायद संविधानले परिकल्पना गरेको समावेशी भित्र यो समुदाय पनि परेको भए हालसम्म धेरै लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका व्यक्तिले संसदको यात्रा तय गरेको हुन्थे होला । तर, यस समुदायका व्यक्तिहरुले समाजमा अझै पनि घृणा र अपमानको सामना गरि बाँचिरहेका छन् । यसको अन्त्यका लागि राजनीतिक क्षेत्रमा समान पहुँच र समावेशीका आधारमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको पनि प्रतिनिधित्व हुनुपर्छ । अब हाम्रो आवाज सुन्ने र हाम्रो अधिकारको रक्षा गर्ने समय आएको छ ।

# संघर्षले खारिएका सियाराम



## सियाराम कोरी

नेपालगञ्ज उपमहानगरपालिका (लुम्बिनी प्रदेश) को म सियाराम कोरी हुँ । मेरो जन्म ५० वर्ष अघि तराई क्षेत्रको नेपालगञ्ज सुर्जि गाउँमा भएको थियो । म कोरी समुदायबाट हुँ, जसले मधेशी जातिलाई जनाउँछ । यो समुदायलाई आर्थिक रुपमा विपन्न समुदाय र तल्लो जातिको दर्जामा राख्ने चलन छ । म पनि समाजमा व्याप्त वेथितीबाट टाढा रहने कुरै भएन । सामाजिक तथा आर्थिक कारणले मलाई शैक्षिक रुपमा अगाडि बढ्न सम्भव थिएन, परिवारमा जेठो सन्तान भएर जन्मिएको मलाई समय बित्दै जाँदा व्यवहारले थिच्दै गयो ।

मानिसका दु:ख फेदीबाट पहाडको यात्राजस्तै हो । पहाडमा शिर टेक्न पाए मैदान भेट्छु भनेर कम्मर कसेको मानिस त्यहाँ पुगेपछि बडेमानका थुम्का देखेर आतिन्छ, तर्सिन्छ । तर जीवनले दु:ख नभोगेसम्म सुख प्राप्त गर्न सक्दैन ।

बुवाआमाको मृत्यु भैसकेको हुँदा साना-साना भाईहरुलाई हेरविचार गर्ने जिम्मेवारी ममाथि आयो । त्यसपछि विवाह गरी घरजम गर्ने विचार आयो । यद्यपि, दुर्भाग्य भनौं गरिबी लगायतको परिस्थितिका कारण कुनै महिलासँग पनि मेरो विवाह हुन सकेन । त्यसपछि मेरो गाउँको तेश्रोलिङ्गी समुदायले एकजना तेश्रोलिङ्गी महिलासँग मलाई वैवाहिक बन्धनमा बाँधिदिए । मसँग कुनै विशेष सीप वा औपचारिक शिक्षा नहुँदा आफ्नो आवश्यकताहरु पुरा गर्न अनौपचारिक श्रम गर्नु पर्ने बाध्यता थियो । म र मेरो श्रीमतीबीच कुनै आकर्षण थिएन, र म उनीसँग नजिक पनि थिइन । विवाहको केही समय नबित्दै मेरो श्रीमतीको मुटु सम्बन्धी समस्या र एड्सका कारण दु:खद मृत्यु भयो ।

परिवार र समाजको दबावपछि फेरी अर्को महिलासँग विवाह भयो । आर्थिक रुपमा बलियो नहुँदा यो विवाह पनि टिक्न सकेन ।

जीवनमा धेरै उतारचढाव आए । समाजले अनेकौं लान्छना लगाउन थाल्यो । धेरै नामका संज्ञाहरु दिन थाल्यो । कहिले नभेदा त कहिले मेहेरा (मधेसी समुदायमा पुरुष यौनाङ्ग लिएर जन्मेका व्यक्तिहरु, जसको लैङ्गिक अभिव्यक्ति महिलाको जस्तै हुन्छ, उनीहरुका लागि प्रयोग गरिने अपमानजनक शब्दहरु) जस्ता अपशब्दहरु प्रयोग गर्न थाले । मलाई केटीहरु मन पर्दथ्यो । तेश्रोलिङ्गी महिलाहरु पनि मेरो रोजाईमा थिए । समाजका लागि पनि यो भ्रमपुर्ण थियो ।

जब म ३५ वर्षको भएँ, अर्की तेश्रोलिङ्गी महिला मेरो जीवनमा प्रवेश गरिन् । उनको नाम बिहारी थारु थियो र उनी ५३ वर्षकी थिइन् । म जस्तै उनी पनि मजदुरी गर्थिन् । त्यसपछि हामी दुवैजना एकअर्कासँग नजिक हुन थाल्यौं । हामी दुवैजना पुरुष भए तापनि हामीले आफ्नो पहिचानबारे स्पष्ट हुने मौका पाइसकेका थियौं । बिहारी आफुलाई तेश्रोलिङ्गी महिला भनेर चिनाउँन्छिन् । हामी एक अर्काको प्रेममा चुर्लुम्म डुब्यौ । एक दिन दुवैले मुख खोल्यौं । अब भने हामी सँगै जीवन बिताउने टुंगोमा पुग्यौं ।

त्यो बेलासम्म हामी जस्ता समुदायको अधिकारका लागि काम गर्ने संस्थाहरु स्थापना भैसकेका थिए । हामीले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय र तिनीहरुका अधिकारको बारेमा धेरै जानकारी प्राप्त गर्‍यौं ।

समाजले हाम्रो सम्बन्धका बारेमा बुझ्न संघर्ष गरिरहँदा हाम्रो लागि भने यो नै खुशीको पल थियो । समाजमा हुने विभिन्न खालका टिप्पणीले हाम्रो जीवनमा असर पारे पनि दैनिकीमा प्रभाव पर्न नदिने प्रण सहित हामीले जोडी कस्ने निधो गर्‍यौं । पहिले सामाजिक रुपमा तिरस्कृत आभाष गर्ने हामी अब भने पहिचानलाई गर्वको रुपमा लिन थालेका छौं ।

म अहिले परिवारको मूल मान्छे हुँ । मैले आफ्नो श्रीमतीलाई पुर्ख्यौली थलो नेपालगञ्ज उप-महानगरपालिका वडा नं १९ सुर्जे गाउँ भन्ने ठाउँमा ५ धुरा



अंश पाएको जग्गामा हामी दुबै जनाको जीवन कटाउने सानो झुपडी बनाएका छौं । आफ्नै मेहेनतले बनाएको यो झुपडी हाम्रो जोडीलाई आलिशान महल भन्दा प्यारो लाग्दछ । दिनभरि मजदुर गरेर आएको समयमा आराम गर्ने ठाउँ पाएका छौं ।

एक अर्कामा समर्पित भएको १५ वर्ष पार गर्दै गर्दा हामीहरूको जीवन ज्याला मजदुरीबाटै चलिरहेको छ । यसैबीच हामी दुवैजना एच.आई.भी.संक्रमित भयौं । यसका लागि निःशुल्क औषधि उपलब्ध हुने भएकाले औषधि सेवनमा कुनै समस्या भएन । आधा शताब्दी काटेको जीवनयात्रामा हालसम्म हाम्रो पाखुरामा बल सकिएको छैन । जीवनमा आएका अनेक बाधा अवरोधका बावजुद पनि हामीले आफ्नो आत्मसम्मान गुमाएका छैनौं । पसिना नै कर्म र धर्म बनेको छ । स्थायी रुपमा दुख छ । तर दुखमा आत्तिने र सुखमा मात्तिने संस्कार छैन । हामी दुवै एक अर्काको सुख दुखका साथी र सारथी भएका छौ ।

जीवन एउटै लयमा कहाँ दौडन्छ र ? मजदूरीको भरमा दौडेको जीवनलाई कोरोनाले क्षतविक्षत बनायो । कोभिड-१९ महामारीको समयमा हाम्रो जोडीले एक मुठी सास जोगाउन ठूलै संघर्ष गर्नुपर्‍यो । स्वास्थ्य समस्याहरूको सामना गर्दैगर्दा दैनिक गुजारा चलाउन समेत गाह्रो भयो । सहयात्राको १५ वर्ष सँगै बित्दासम्म पनि हाम्रो वैवाहिक सम्बन्धले अझै पनि कानुनी मान्यता पाउन सकेको छैन । उमेर बढेसँगै स्वास्थ्य जटिलताहरू पनि थपिदैं गएकाले मेरो चिन्ता झन् झन् बढ्दै गएको छ । हामीमध्ये कसैलाई केही भैहाल्यो भने के होला ? अनि, नेपाल जस्तो प्राकृतिक विपत्ति बारम्बार आइरहने मुलुकमा लैङ्गिक तथा यौनिक अल्पसंख्यकको रुपमा तर त्यो भन्दा महत्वपुर्ण दम्पतिको रुपमा कसरी राज्यबाट प्रदान गरिने सेवा तथा सुविधाहरूमा पहुँच बनाउन सक्छौं ? हामीले कानुनी रुपमा सन्तान ग्रहणको अधिकार पाएका छैनौं, त्यसैले बुढेसकालमा हाम्रो हेरचाह गर्ने पनि कोही छैनन् । यी यस्ता अनिश्चितताहरूले जीवनको उत्तरार्द्ध सुरक्षित नहोला भन्ने चिन्ताले हाम्रो जोडीमा छट्पटी बढ्दो छ ।

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ज्येष्ठ नागरिकहरूको मुद्दालाई सम्बोधन गर्ने विशेष कानूनबारे हामी अनभिज्ञ छौ । ज्येष्ठ नागरिकहरूका लागि बनाइएका यस प्रकारका सेवाहरूमा समुदायका अन्य कुनै सदस्यको पहुँच हामीले सुनेका वा देखेका छैनौं । हुर्कदो उमेरमा जीवन संरक्षणको आधार खोजीरहेका छौं । लैङ्गिक तथा यौनिक अल्पसरंख्यक समुदायका ज्येष्ठ नागरिकहरूका लागि सरकारले आवश्यक कानून बनाइदियोस् भन्ने हाम्रो आशा छ । "अन्य नागरिकहरु सरह हाम्रो समुदायका व्यक्तिहरूले पनि सरकारी सुविधा र समर्थनमा समान पहुँच पाउन्"-हाम्रो सन्देश यही छ ।

*जब म ३५ वर्षकी भएँ, एक तेश्रोलिङ्गी महिला मेरो जीवनमा प्रवेश गरिन्... उनी ५३ वर्षकी थिइन्.... हामी एक अर्काको प्रेममा चुर्लुम्म डुब्यौ.... एक दिन दुवैले मुख खोल्यौ । अब भने हामी संगै जीवन बिताउने टुंगोमा पुग्यौं...सहयात्राको १५ वर्ष संगै बित्दासम्म पनि हाम्रो वैवाहिक सम्बन्धले अझै पनि कानुनी मान्यता पाउन सकेको छैन... नेपाल जस्तो प्राकृतिक विपति बारम्बार आइरहने मुलुकमा लैङ्गिक तथा यौनिक अल्पसंख्यकको रुपमा तर त्यो भन्दा महत्वपुर्ण दम्पतिको रुपमा कसरी राज्यबाट प्रदान गरिने सेवा तथा सुविधाहरूमा पहुँच बनाउन सक्छौं ? हामीले कानुनी रुपमा सन्तान ग्रहणको अधिकार पाएका छैनौं, त्यसैले बुढेसकालमा हाम्रो हेरचाह गर्ने पनि कोही छैनन् ।*

# विभेदले निम्त्याएको बर्बादी



## सुकमाया मगर

म चितवन जिल्ला (नेपालको तराई क्षेत्र) की सुकमाया मगर हुँ । भर्खरै २०७९ को चुनाव सकियो । देशभरका मतदाताले कार्तिक २५ को ठिहीमा विहानैदेखि उभिएर आफु नागरिक हुनुको कर्तव्य पूरा गरे । लाईनमा उभिएका हरेक नागरिकले कुनै न कुनै प्रकारको आशा र महत्वकांक्षा बोकेको थियो । यस बीच चुनावी माहोलमा चुल्होमा नेता, धुलोमा नेता, दैलोमा नेता, मैलोमा नेता, मेलामा नेता, ठेलामा नेता, गोठमा नेता, मोठमा नेता, अँधेरीमा नेता, पँधेरीमा नेता भेटिए । सबैले नागरिकका पीडा समाधान गर्ने संकल्प गरे । सुशासन र परिवर्तनको बचन दिए ।

चुनाव अघि धेरै राजनैतिक नेताहरूले मलाई पनि आश्वासन दिए । तर, धेरै वर्षदेखि मैले परिवर्तनहरू देख्न सकेको छैन र मेरा समस्याहरु उस्तै छन् ।

मैले आफ्नो जीवनको ५० वर्ष भन्दा बढी पार गरिसकेकी छु । म एक मध्यमवर्गीय परिवारमा हुर्किएकी हुँ । एक समलिङ्गी महिलाको रुपमा मैले आफ्नो पार्टनरबाट समर्थन पाएँ, जुन मैले समाजबाट पाएकी थिइन ।

म २० वर्षको हुँदा मेरो यौनिकताबारे थाहा पाएँ र त्यसबेलादेखि नै मैले कुनै पुरुषसँग कहिल्यै विवाह नगर्ने प्रण गरेकी थिएँ । म १८ वर्षको हुँदा मेरो पार्टनरसँग भेट भएको थियो । हामी चितवनको भरतपुरस्थित कपडा कारखानामा काम गर्थ्यौं । म २० वर्षको हुँदा आफ्नो पार्टनरसँग सँगै बस्न थालें । हाम्रो सम्बन्ध थाहा पाए लगत्तै हामी दुवै जनाको परिवार आश्चर्यमा परे र यस सम्बन्धी विभिन्न प्रश्नहरु उठाउन थाले । समाजका व्यक्तिहरुले मेरो पार्टनरलाई हिजडा (नपुंसक, तेश्रीलिङ्गी वा अन्तरलिङ्गी) वा छक्का (नपुंसकका लागि प्रयोग गरिने अपमानजनक नेपाली शब्द) ठान्थे तर यी शब्दहरु महिला सामाजिक लिङ्ग भएका पुरुषहरुका लागि हुन् ।) मेरो पार्टनर जन्मँदा महिलाको यौनाङ्ग लिएर

*सन् २०२० मा जन्डिस र कलेजोको समस्याका कारण मैले आफ्नो पार्टनर गुमाए.... अचानक भाग्यले म माथि क्रुर खेल खेल्यो.... यतिमात्र नभई पार्टनरको बैंक खातामा समेत मेरो पहुच नहुदा पार्टनर बिरामी भएको अवस्थामा समेत स्वास्थ्य उपचार गराउन सकिन, किनभने संयुक्त खातामा मलाई साथीको रुपमा मात्र उल्लेख गरिएको थियो.... यस्तो अवस्थामा बैंकले परिवारकै सदस्य खोज्ने गर्छ ।*

जन्मेका थिए । हामी समलिङ्गी जोडी थियौं । सुरुमा हाम्रो परिवारले हाम्रो सम्बन्धलाई स्वीकार गरेनन् । तथापि, जब मेरो पार्टनर र मैले तनहुँ जिल्ला (गण्डकी प्रदेश, तिब्बतको सिमाना) देवघाटमा किराना पसल सुरु गऱ्यौं र गाईवस्तुको हेरचाह गर्ने काम गऱ्यौं, हामी आत्मनिर्भर हुँदै गयौं र कसैसँग पैसा वा सहयोग माग्नु परेन । हामीले आ-आफ्नो परिवारलाई आर्थिक रुपमा सहयोग गर्न थाल्यौं । त्यसपछि हाम्रो परिवारले हामीलाई कम दबाब दियो । मेरो पार्टनर र मैले हाम्रो परिवारसँग सुमधुर सम्बन्ध राख्न थाल्यौं, र उनीहरुसँग हामीले सम्बन्ध तोडेनौं । हामी दुवै जनाको परिवारले हाम्रो सम्बन्धलाई स्वीकार गर्नेछ भन्नेमा हामी विश्वस्त थियौं । मेरो परिवारले विस्तारै मेरो यौनिकतालाई स्वीकार्न थाल्यो । अन्तत, हामी दुवै परिवारका सदस्यहरूले हाम्रो सम्बन्धलाई स्वीकार्न थाले ।

म मेरो पार्टनरसँग दुई दशकसम्म सँगै बसें । हाम्रो जीवन र घरव्यवहार रामैसँग चलिरहेको थियो । हामीले

पसलमा काम गरेर सँगै समय बितायौं । हामी पनि समाजका अन्य दम्पत्ति जोडी जस्तै बाँचिरहेका थियौं ।

म र मेरो पार्टनर लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका लागि संचालित सचेतनामुलक कार्यक्रमहरूमा भाग लिने गर्दथ्यौं । हामी बसोबास गर्ने स्थानको गाईजात्रा (प्राइड परेड) मा पनि सहभागी भएका थियौं । लैङ्गिक तथा यौनिक अल्पसंख्यकले आफ्नो अधिकारका लागि आवाज उठाउनुपर्छ र वकालत गर्नु पर्छ भन्ने कुरा सुरुमा हामीलाई थाहा थिएन ।

नेपालको संविधान २०७२ ले पहिलो पटक लैङ्गिक तथा यौनिक अल्पसंख्यक शब्द भनेर संविधानमै उल्लेख गरेको छ । लैङ्गिक समानता र समावेशीकरणको विषयमा हुने विभिन्न बहस तथा कार्यक्रमहरूमा मैले भाग लिन पाएँ । यो संगै आफ्नो अधिकारका लागि स्थानीय अधिकारीहरूसंग पनि संघर्ष गर्दै आए । लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायप्रति आम मानिसको दृष्टिकोणमा आएको परिवर्तन मैले महसुस गरें । यसको एउटा उदाहरण मेरो परिवारले लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूप्रति देखाएको स्नेह पनि हो ।

सन् २०२० मा जन्डिस र कलेजोको समस्याका कारण मैले आफ्नो पार्टनर गुमाएँ । मेरो जीवनको सबैभन्दा बहुमुल्य व्यक्ति गुमाउनुले मलाई असहनीय पीडामा छोड्यो । यो पीडाले समय कसरी बित्यो, पत्तै भएन । अचानक भाग्यले म माथि क्रुर खेल खेल्यो । मेरो सरल जीवनले नीरस र असहाय लय लियो ।

पार्टनरको मृत्युकर्म (अन्त्येष्टि)को ४५ दिनअघि मेरो पार्टनरको परिवार मसंगै बस्थ्यो । त्यसपछि मेरो पार्टनरको जेठी दिदीले पार्टनरको नाममा रहेको सम्पत्तिमा हालीमुहाली गरिन् । लगत्तै पार्टनरको परिवार मसँग टाढिदैं गयो । पार्टनरसँगको हाम्रो सम्बन्ध प्रमाणित गर्ने कुनै प्रमाण नहुँदा मैले उनको सम्पत्ति माथि दाबी गर्न पनि सकिँन । यतिमात्र नभई पार्टनरको बैंक खातामा समेत मेरो पहुँच नहुँदा पार्टनर बिरामी भएको अवस्थामा समेत स्वास्थ्य उपचार गराउन सकिँन, किनभने संयुक्त खातामा मलाई साथीको रुपमा मात्र उल्लेख गरिएको थियो । यस्तो अवस्थामा बैंकले परिवारकै सदस्य खोज्ने गर्छ । मेरो पार्टनरको घरको संस्कृति अनुसार कुनै पनि व्यक्तिको मृत्यु पश्चात् अर्घु समारोह (एक महत्वपूर्ण तीन-दिवसीय मृत्यु अनुष्ठान) गर्ने चलन छ । यस कार्यका लागि पनि मलाई आर्थिक रुपमा सहयोग चाहिएको थियो, तर बैंक खातामा मेरो पहुँच भएन । कानुनी रुपमा दाबी गर्नका लागि म सँग कुनै आधार थिएन । मैले एक्लै पसल चलाउन नसक्ने भएँ । त्यसपछि, मैले आर्थिक कठिनाईहरूको सामना गर्नु पर्‍यो । त्यसको केही पछि मेरो स्वास्थ्यमा जटिलताहरू आउन थाले । आफ्नो



आवश्यकता पुरा गर्न सहयोग खोज्ने क्रममा म मितिनी नेपाल जस्ता संस्थाहरूको सम्पर्कमा आएँ ।

जनताको अभिभावक मानिएको सरकार मेरो समस्याप्रति बेखबर भएको छ । समलिङ्गी विवाहले कानुनी मान्यता नपाउँदा पार्टनरको सम्पत्ति माथि दाबी गर्ने कुनै आधार भएन । म एकल महिला भत्ता प्राप्त गर्ने अधिकारबाट पनि वञ्चित छु, जुन अधिकारमा विपरितलिङ्गी विवाहमा रहेका एकल महिलाहरूको सहज पहुँच छ । म मात्र होइन, समलिङ्गी सम्बन्धमा रहेका अन्य लाखौं एकल महिलाहरूलाई उनीहरूको अधिकार प्रदान गरिएको छैन । यसले हामीले भोगेको र गुमाएका कुरामा अझ पीडा थपि दिएको छ । सरकारले समलिङ्गी विवाहलाई चाँडो भन्दा चाँडो कानुनी मान्यता दिनुपर्छ ।

**पोस्ट स्क्रिप्ट:** सुकमायाले सन् २०२२ मा मितिनी नेपालले ज्येष्ठ नागरिकहरूका लागि आयोजना गरेको वाककला प्रशिक्षणमा पहिलो पटक आफ्नो कथा साझेदार गरेकी थिइन् ।

Mitini
NEPAL

**मितिनी नेपाल** समलिङ्गी महिला, द्वयलिङ्गी र ट्रान्सजेण्डर (LBT) को रूपमा पहिचान गर्ने व्यक्तिहरूको मानव अधिकारका लागि समुदायमा आधारित संस्था हो । नेपालका यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरूको मानव अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने तथा उनीहरूलाई सम्मानित जीवन जिउन सामाजिक, सांस्कृतिक, आर्थिक, कानूनी तथा राजनैतिक अधिकार सहितको समतामूलक समाज निर्माण गर्ने उद्देश्यले यो संस्था सन् २००२ मा स्थापना भएको हो ।

मितिनी नेपाल नेपालको पहिलो समलिङ्गी जोडी लक्ष्मी घलान र मीरा बज्राचार्यले स्थापना गरेका हुन् । मितिनीले आम सरोकार वाला निकायहरू बीच समन्वय, सहकार्य, सञ्जालीकरण तथा आपसी समझदारीलाई सुदृढ गर्दै साथै बहिष्कृत र कमजोर LBT व्यक्तिहरूलाई सक्षम बनाएर उनीहरूको राजनैतिक, कानूनी, सामाजिक, आर्थिक, स्वास्थ्य तथा शैक्षिक अधिकार मा उनीहरूको सहज पहुँचको लागि बहस पैरवी गर्दछ ।

**हाम्रा कार्यक्रमहरू:** नीति निर्माता, सरकारी सरोकारवाला, मिडिया र नागरिक समाजका अन्य सदस्यहरूसँग अन्तरक्रिया मार्फतसमलिङ्गी महिला, द्वयलिङ्गी महिला र ट्रान्सजेण्डर व्यक्तिहरूको समान हक अधिकारका लागि वकालत गर्दछौ । हामी विभिन्न सांस्कृतिक कार्यक्रम, पोष्टर तथा पम्फलेट प्रकाशन, विद्यालय, कलेज जस्ता शैक्षिक संस्थाहरूमा अभिमुखीकरण आदिका माध्यमबाट यौनिक अभिमुखीकरण, लैङ्गिक पहिचान तथा अभिव्यक्ति लगायतका सवालहरूमा बहस तथा पैरवी गर्छौ । समुदायमा आधारित संस्थाहरू, व्यवस्थापिका संसद सदस्यहरू, सरकारी सरोकारवाला निकायहरू, सामुदायिक प्रहरी तथा पत्रकारहरूलाई समेत सामाजिक जागरण तथा सचेतनामूलक कार्यक्रमहरूको आयोजना गर्दछौ । समलिङ्गी महिला, द्वयलिङ्गी महिला र ट्रान्सजेण्डर व्यक्तिहरूको लागि हामी सीप विकास तथा आय आर्जनसम्बन्धी तालिम प्रदान गर्दछौं । हामी नेतृत्व विकास, मानव अधिकार , कानूनी सचेतना यौनिक तथा लैङ्गिक समुदायहरूलाई तालिम तथा अभिमुखीकरण जस्ता क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्छौं । आवश्यकताका आधारमा हामी समलिङ्गी महिला, द्वयलिङ्गी महिला, र ट्रान्सजेण्डर व्यक्तिहरू तथा तिनका परिवारका सदस्यहरूलाई मनोसामाजिक तथा कानूनी परामर्श सेवा प्रदान गर्दछौं । हामी समलिङ्गी महिला, द्वयलिङ्गी महिला, र ट्रान्सजेण्डर व्यक्तिहरूको सवालमा उनीहरूका समस्या तथा अनुसन्धानमा रहेर खोज तथा अनुसन्धान गर्छौं ।

रानीबारी, सामाखुशी,कुमारीटोल
काठमाडौं, नेपाल
पो.ब.नं. : ८९७४, Cpc ३३१
वेभसाइट: www.mitininepal.org.np
ट्विटर: https://twitter.com/MitiniNepal
फेसबुक: www.facebook.com/Mitininepal
इन्टाग्राम: https://www.instagram.com/mitini_jewellery/



Mitini NEPAL

OUTRIGHT INTERNATIONAL

sage | Advocacy & Services for LGBTQ+ Elders

We refuse to be invisible®